जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे


Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३५० • २०८३ साल जेठ ५ गते मंगलबार (19 May, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य

## जंगीलाल आउट, वीरेन्द्र इन !

टुडे समाचारदाता



जनकपुरधाम । नेपाली कांग्रेसले स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायलाई हटाउने भएको छ।

पार्टीको उम्मेदवारलाई असहयोग गरेको आरोपलागेकास्वास्थ्य तथा जनसंख्या मन्त्री रायलाई हटाउने तयारी थालिएको स्रोतले दाबी गरेको छ । उनलाई हटाइएपछि सर्लाहीबाट निर्वाचित प्रदेश सभासदस्यसमेत रहेका पूर्वमन्त्री वीरेन्द्र कुमार सिंहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा नियुक्त गर्ने आन्तरिक तयारी थालिएको स्रोतले जनाएको छ।

वैशाख १६ गते कांग्रेसले प्रदेश मन्त्री र सांसदसहित ७ जनालाई स्पष्टीकरण सोधेको थियो । नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठकले ०८२ फागुन २१ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध असहयोग गरेको आरोपमा विभिन्न प्रदेशका मन्त्री तथा सांसदलाई पाँच दिनभित्र स्पष्टीकरण पेश गर्न पत्राचार गर्ने निर्णय गरेको थियो।

स्पष्टीकरण सोधिएकामध्ये मधेश प्रदेशमा स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल राय, लुम्बिनी प्रदेशका वन मन्त्री तथा महासमिति सदस्य देवकरण प्रसाद कलवार (सन्तु), कोशी प्रदेशका पूर्व केन्द्रीय सदस्य तथा मन्त्री प्रदीप सुनुवार र लुम्बिनी प्रदेशका यातायात तथा पर्यटन मन्त्री प्रचण्ड विक्रम न्यौपाने रहेका छन्।

त्यसैगरी लुम्बिनी प्रदेशका उपसभापति तथा प्रदेश सभा सदस्य राजु खनाल, सकुन्ती देवी महरा र कौशल किशोर रायलाई पनि स्पष्टीकरण सोधिएको थियो।

अनुशासन समितिले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध असहयोग गरेको विषयलाई गम्भीर रूपमा लिँदै तोकिएको समयभित्र जवाफ पेश गर्न निर्देशन दिए पनि कतिपयले सन्तोषजनक जवाफ नदिएको र केहीले अझैसम्म लिखित स्पष्टीकरण नदिएको भन्दै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री रायलाई हटाइने स्रोतले दाबी गरे। उनको विकल्पमा प्रदेशसभा सदस्य सिंहलाई सो पदमा नियुक्त गरिने स्रोतको भनाइ छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा जंगीलाल राय २०८२ पुसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा नियुक्त भएका थिए।

मुख्यमन्त्री यादवको कार्यशैली र मधेश प्रदेश सरकार सञ्चालनलाई लिएर कांग्रेसभित्र असन्तुष्टि देखिन्छ। तर तत्काल मन्त्री रायलाई हेरफेर गरिने र तत्काल मुख्यमन्त्री फेर्ने विषयलाई थाति राखिएको कांग्रेसका एक शीर्षनेताले जनाएका छन्।

## न्यायालयमाथि बालेन सरकारको हस्तक्षेप

# कामु प्रधानन्यायाधीशको आदेशलाई रजिष्ट्रारले टेरेनन्, रास्वपाको आपत्ति

टुडे समाचारदाता

काठमाण्डु । प्रधानन्यायाधीश सिफारिस विवाद उत्कर्षमा पुगेको छ। सर्वोच्च अदालतमा सोमबार दिनभर तनाव, रस्साकस्सी र अन्योलको अवस्था उत्पन्न भयो।

संवैधानिक परिषद्ले न्यायाधीश डा. मनोज शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि त्यसविरुद्ध दायर रिट निवेदन दर्ता नगरेको विषयले अदालतभित्रै विवाद चर्किएको छ।

वरिष्ठ अधिवक्ता डा. दिनेश त्रिपाठी, अधिवक्ता डा. प्रेमराज सिलवाल र अधिवक्ता गीता थापाले सो सिफारिसविरुद्ध दायर गरेको रिटलाई सर्वोच्च प्रशासनले वैशाख २५ गते 'दरपीठ' गरिदिएको थियो। त्यसविरुद्ध दिइएको निवेदनसमेत दर्ता नगरी 'होल्ड' मा राखिएपछि निवेदकहरूले न्यायमा पहुँच अवरुद्ध भएको भन्दै कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लसमक्ष गुनासो गरेका थिए।

गुनासो सुनेपछि कामु प्रधानन्यायाधीश मल्लले सोमबार मुख्य रजिष्ट्रार विमल पौडेलको नाममा आदेश जारी गर्दै रोकिएका सबै रिट तथा निवेदन दिउँसो १ बजेसम्म अनिवार्य दर्ता गर्न, मंगलबार पेशी तोक्न र प्रक्रिया अघि बढाउन निर्देशन दिइन्। आदेशमा अदालतको ढोका ढकढक्याउन पाउनु नागरिकको संवैधानिक अधिकार भएको उल्लेख गर्दै निवेदन रोक्नु न्यायिक मर्यादा विपरीत भएको बताइन।




तर कामु प्रधानन्यायाधीश मल्लको स्पष्ट आदेशपछि पनि साँझसम्म पनि रिट दर्ता भएन। निवेदक सिलवालले जनाए अनुसार आदेश कार्यान्वयन गर्नुपर्ने प्रशासनिक अधिकारीहरू सम्पर्कविहीन बनेका थिए। नेपाल बार एसोसिएसनका पदाधिकारीहरू मुख्य रजिष्ट्रारलाई खोज्दा उनी अदालत परिसरमै नभेटिएको बताउँछन्।

बार एसोसिएसनले पनि सोमबार विज्ञप्ति जारी गर्दै अदालत प्रशासनले कामु प्रधानन्यायाधीश मल्लकै आदेश अवज्ञा गरेको भन्दै गम्भीर आपत्ति जनाएको छ। बारले यस्तो कार्यलाई न्यायिक प्रक्रिया माथिको अवरोध र "ऐतिहासिक भूल" को संज्ञा दिएको छ। यसका साथै संसद्मा विचाराधीन मुद्दा माथि टिप्पणी भएको भन्दै संविधानको धारा १०५ उल्लंघन भएको बताइएको छ।

वैशाख ६ गते संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस भएका न्यायाधीश मनोज शर्मा वरिष्ठताका आधारमा चौथो नम्बरमा पर्छन्।

कामु प्रधानन्यायाधीश मल्ल, न्यायाधीशहरु कुमार रेग्मी र हरिप्रसाद फुयाँललाई 'बाइपास' गरेर शर्मालाई प्रधानमन्त्री बालेन्द्र साहले अघि सारेपछि न्यायालयको परम्परागत प्रक्रियाविरुद्ध गरिएको निर्णयप्रति उनीहरु असन्तुष्ट छन्।

मंगलबार संसदीय सुनुवाइ समितिले उजुरीहरू खोलेर प्रक्रिया अगाडि बढाउँदैछ। यदि सर्वोच्च अदालतमा रिट दर्ता भएर अन्तरिम आदेश आएमा शर्माको प्रधानन्यायाधीश बन्ने बाटो तत्कालका लागि बन्द हुनसक्ने छ।

एकातिर जसरी पनि नियुक्ति प्रक्रिया टुंग्याउने सरकारलाई हतारो छ भने अर्कोतर्फ विधिको शासन जोगाउने चुनौती देखिएको छ।

न्यायको अन्तिम आस्था र भरोसाको केन्द्र मानिने सर्वोच्च अदालतभित्रको अहिले चर्किएको न्यायिक प्रक्रिया, कर्मचारीतन्त्रको व्यवस्था र बालेन्द्र साह सरकारको प्रत्यक्ष हस्तक्षेपमा भइरहेको रस्साकस्सीले गम्भीर प्रश्नहरू उठाएको छ।

यस रस्साकस्सीले अदालतको आमजनको आस्थामा कस्तो असर पार्ला ? के न्यायका लागि यसको निकास अब कसरी निस्किन्छ भन्ने हेर्न बाँकी नै छ।

गम्भीर असर पार्ने विषयमा तथा न्यायाधीशले कर्तव्य पालनाको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संघीय संसदका कुनै पनि सदनमा छलफल गरिने छैन' भन्ने कानुनी व्यवस्था गरिएको छ। तर सो व्यवस्थाको पालना भने सोमबारको प्रतिनिधिसभाको बैठकमा भएन।

संवैधानिक परिषद्को दुई सदस्यको लिखित असहमतिबीच भएको उक्त निर्णयपछि सर्वोच्च अदालतले निजामती कर्मचारी ट्रेड युनियन, विश्वविद्यालयमा विद्यार्थी संगठन सुकुम्बासी बस्ती भत्काउने कार्य रोक्न अन्तरिम आदेश दिएको छ।

## अमृत रिहाइ भएको गलत सूचना सम्प्रेषणपछि परराष्ट्रद्वारा क्षमा याचना

टुडे समाचारदाता

जनकपुरधाम । इरानको जेलमा रहेका नेपाली नागरिक अमृत झा रिहा भएको भनी गलत सूचना सार्वजनिक गरेकोमा औपचारिक रूपमा परराष्ट्र मन्त्रालयले क्षमा मागेको छ।




मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै अमृत झा अझै पनि इरानी सुरक्षाकर्मीको नियन्त्रणमै रहेको र उनको रिहाइका बारेमा पहिले दिइएको जानकारी त्रुटिपूर्ण रहेको स्वीकार गरेको छ।

अवैध सामान ओसारपसार र तस्करीको आरोपमा झा र अन्य ६ जना विदेशी नागरिकलाई सन् २०२६ को जनवरी सुरुवातमै इरानको 'क्युएसएम टापु' बाट नियन्त्रणमा लिइएको थियो।

हाल उनी इरानकै बन्दर अब्बासस्थित जेलमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

मन्त्रालयले जनाए अनुसार १५ अप्रिल २०२६ मा इरानका लागि नेपाली मानार्थ महावाणिज्यदूत शहरम शान्तियाईले कतारस्थित नेपाली कार्यवाहक राजदूत कुमार राईलाई एउटा सन्देश पठाएका थिए।

उक्त सन्देशमा भनिएको थियो, ' प्रिय श्री कुमार, निरन्तरको प्रयासपछि अमृत झाको रिहाइ भएको खुसीको खबर प्राप्त भएको छ। उनको रिहाइ पत्र जारी भइसकेको छ।'

सोही प्रतिवेदनका आधारमा परराष्ट्र मन्त्रीले सामाजिक सञ्जालमार्फत झा रिहा भएको खबर सार्वजनिक गरेका थिए। तर, रिहाइको लिखित प्रमाण जुटाउने क्रममा झा जेलमै रहेको र अदालतले उनको मुद्दामा 'विज्ञ प्रतिवेदन' तयार गर्न आदेश दिएको खुलेको थियो।

अन्यौलताप्रति मन्त्रालयद्वारा क्षमा याचना गर्दै इरानको स्थानीय अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा रिहा भएको भनी मन्त्रालयबाट सूचना बाहिरिँदा जनमानस र परिवारमा अन्योल सिर्जना भएको मन्त्रालयले स्वीकार गरेको छ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, ' अमृत झा थुनामै रहेको अवस्थामा रिहा भएको भन्ने अनौपचारिक जानकारी सार्वजनिक हुन गएबाट सिर्जना भएको अन्योल र असुविधाप्रति मन्त्रालय क्षमाप्रार्थी छ।'

यसअघि परराष्ट्र मन्त्रीलगायतका उच्च अधिकारीहरूले झाको परिवारलाई मन्त्रालयमै बोलाएर यथार्थ जानकारी गराइसकेका छन्।

मन्त्रालयलाई प्राप्त पछिल्लो जानकारी अनुसार विज्ञ टोलीले तयार पारेको प्रतिवेदन अदालतमा बुझाउने प्रक्रियामा रहेको छ। इरानको कानुनअनुसार नै मुद्दाको किनारा लाग्ने भए पनि नेपाल सरकारले उपलब्ध सबै माध्यम प्रयोग गरी निष्पक्ष सुनुवाइका लागि निरन्तर पहल गरिरहेको जनाएको छ।

अमृत झा र अन्य विदेशीहरू पक्राउ परेको केही समयपछि मात्र अमेरिका-इजरायल र इरानबीच २०२६ फेब्रुअरी २८ मा द्वन्द्व शुरु भएको थियो।

आफ्ना नागरिकको सुरक्षा र न्यायका लागि कूटनीतिक संयन्त्रमार्फत प्रयास जारी राख्ने मन्त्रालयले प्रतिबद्धता जनाएको छ।







# सन्दीपले बनाए १५० विकेटको रेकर्ड



टुडे समाचारदाता

जनकपुरधाम । नेपाली क्रिकेटर लेग स्पिनर सन्दीप लामिछानेले अन्तर्राष्ट्रिय एकदिवसीय (ओडीआई) क्रिकेटमा इतिहास रच्दै विश्वकै सबैभन्दा छिटो १५० विकेट लिने बलरको कीर्तिमान आफ्नो नाममा दर्ज गराउन सफल भएका छन् ।

घरेलु मैदान कीर्तिपुरमा जारी आईसीसी विश्वकप लिग-२ अन्तर्गत आइतबार स्कटल्यान्डविरुद्धको रोमाञ्चक भिडन्तमा सन्दीपले यो अभूतपूर्व सफलता हात पारेका हुन् । यससँगै उनले विश्व क्रिकेटका हस्ती बलरहरूलाई पछि पार्दै नेपाली क्रिकेटको नाम विश्वमञ्चमा स्वर्ण अक्षरले कोर्न सफल भएका हुन् ।

यसअघि यो विश्व रेकर्ड अस्ट्रेलियाका तीव्र गतिका स्टार बलर मिचेल स्टार्सको नाममा सुरक्षित थियो । स्टार्सले सन् २०१९ को विश्वकपमा वेस्टइन्डिजविरुद्ध खेल्दै ७७ खेलमा १५० विकेटको आँकडा छोएका थिए। तर, नेपाली स्पिनर सन्दीपले मात्र ७३ ओडीआई खेलको ७१ इनिङ्समै १५० विकेटको जादुमयी संख्या पूरा गरेर स्टार्सको सो ऐतिहासिक रेकर्डलाई ध्वस्त बनाइदिए। स्कटल्यान्डविरुद्धको खेलमा व्यक्तिगत दोस्रो विकेट लिने क्रममा उनले यो सफलता चुमेका हुन् ।

खेलको १२ औँ ओभरमा जर्ज मुन्सेलाई आउट गरेका सन्दीपले २०औँ ओभरको अन्तिम बलमा खतरनाक ब्याटर ब्रान्डन मकमलेनलाई इशान पाण्डेको हातबाट क्याच आउट गराउँदै विश्व क्रिकेटमा आफ्नो नाम दर्ज गराएका थिए ।

एकदिवसीय क्रिकेटमा सन्दीपको यो पहिलो विश्व कीर्तिमान भने होइन । यसअघि ओडीआईमा सबैभन्दा छिटो (मात्र ४२ खेलमा) १०० विकेट लिने विश्व रेकर्ड पनि सन्दीपकै नाममा दर्ता छ । लगातार तीन खेलमा ४-४ विकेट लिने दुर्लभ कीर्तिमान समेत बनाएका सन्दीपको ओडीआईमा उत्कृष्ट बलिङ प्रदर्शन सन् २०२१ मा पपुवा न्युगिनी (पीएनजी) विरुद्ध ११ रन खर्चेर ६ विकेट लिनु रहेको छ ।

# मोटरसाइकल चोर गिरोह पक्राउ




टुडे समाचारदाता

वीरगञ्ज । भारतीय प्रहरीले नेपाल-भारत सीमा क्षेत्रमा चोरीका मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी नेपालमा बिक्री गर्ने एक गिरोहलाई पक्राउ गरेको छ।

भारतको विहार राज्यस्थित आदापुर थानाकी थानाध्यक्ष पूजा कुमारीको नेतृत्वमा खटिएको प्रहरी टोलीले भारत-नेपाल सीमाअन्तर्गत मटिअरवा बोर्डर नजिक सवारी जाँचका क्रममा दुई वटा सुपर स्प्लेन्डर मोटरसाइकलसहित चार जनालाई पक्राउ गरेको हो।

चेकजाँचका क्रममा बीआर ०५ आर ३४७९ र बीआर ०५ आर ५१११ नम्बरका मोटरसाइकलको एचएचडी मेसिनबाट परीक्षण गर्दा दर्ता नम्बर र चेचिस नम्बरमा फरक भेटिएको प्रहरीले जनाएको छ । त्यसपछि मोटरसाइकल चालकहरू रञ्जन कुमार साह तेली र आनन्द कुमार साह तेली लाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको थियो।

उनीहरूले उक्त मोटरसाइकल हृदयेश कुमार जयसवालसँग १४ हजार नेपाली रुपैयाँमा खरिद गरेको बयान दिएका थिए । त्यसपछि प्रहरीले छापा मारेर हृदयेशलाई पक्राउ गरेको थियो।

प्रहरीका अनुसार हृदयेशले मोटरसाइकल अजय कुमार उर्फ हरिओम कुमारबाट बिक्रीका लागि ल्याइएको स्वीकार गरेका थिए । त्यसपछि अजय उर्फ हरिओमलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सोधपुछका क्रममा अजयले मोटरसाइकल चोरी गरी नम्बर प्लेट परिवर्तन गर्ने, नक्कली कागजात तयार गर्ने तथा चेचिस नम्बरमा छेडछाड गरेर नेपालमा बिक्री गर्ने गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका चारै जनाविरुद्ध सम्बन्धित धाराअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको आदापुर थानाले जनाएको छ।

# सरकारले अमानवीय व्यवहार गरेको आरोप

टुडे समाचारदाता

काठमाण्डू । सरकारले आफू निर्माण व्यवसायीहरूमाथि अमानवीय व्यवहार गरिरहेको आरोप निर्माण व्यवसायी महासंघका महासचिव शिवहरि घिमिरेले लगाएका छन्।

खानेपानी तथा ढल व्यवस्थापन विभागमा ज्ञापनपत्र बुझाउन पुगेका घिमिरेले सरकारी निकायले निर्माण व्यवसायीलाई काम गर्न दबाब दिँदै बैंक ग्यारेन्टी तान्ने चेतावनी समेत दिइरहेको बताएका हुन् ।

सरकारी अधिकारीले 'जसरी भए पनि काम गर, नगरे बैंक ग्यारेन्टी तानिन्छ' भन्ने दबाब दिइरहेका उनले उल्लेख गरे । यो अमानवीय व्यवहार रहेको उनको भनाइ छ।

मूल्य समायोजन नभएसम्म निर्माण व्यवसायीले काम गर्न नसक्ने अवस्था रहेको उनले बताए । सरकारले मूल्य समायोजन, म्याद थप, बैंक ग्यारेन्टी र इन्स्योरेन्सलगायत



विषय तत्काल सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए।"जबसम्म मूल्यवृद्धिअनुसारको मूल्य समायोजन हुँदैन, तबसम्म काम गर्ने अवस्था छैन । निर्माण व्यवसायीप्रति गरिएको यो व्यवहार आक्रामक र अन्यायपूर्ण छ," उनले भने, "मूल्य समायोजन पनि नदिने, अनि काम गर्न पनि दबाब दिने अवस्थामा निर्माण व्यवसायीले कसरी काम गर्न सक्छ ?"

सरकारसँग भएको वार्तामा मूल्य समायोजनको आश्वासन दिइए पनि सरकारी अधिकारीबाट त्यसबारे स्पष्ट प्रतिबद्धता नगरिएको उनको गुनासो छ। आयोजना प्रमुख तथा सरकारी कर्मचारीले निर्माण व्यवसायीलाई मूल्यवृद्धिअनुसार मूल्य समायोजन गर्नुपर्छ भनेर आवाज नउठाएको समेत उनले बताए।

आफूहरूले यसअघि सडक विभाग र जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पनि ज्ञापनपत्र बुझाइसकेको उनले जानकारी दिए । साथै, ७७ वटै जिल्ला र सातै प्रदेशमा निर्माण व्यवसायीले निरन्तर रूपमा ज्ञापनपत्र बुझाउने कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए।

# "मिर्गौला प्रत्यारोपणपछि पनि खेलमैदानमा हरिनारायणको स्वर्णिम यात्रा"

काठमाण्डु । बागलुङको एउटा सामान्य गाउँका जन्मिएका युवक अहिले अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीका रूपमा चिनिनुभएको छ।

केही वर्षअघि अस्पतालको शय्यामा जीवन र मृत्युबीच सङ्घर्ष गरिरहनुभएका उहाँभित्रको दृढ विश्वास र आत्मबलकै कारण विदेशका थुप्रै प्रतिस्पर्धीहरुलाई पछाडि पार्दै पदक जित्न सफल हुनुभएको हो । जैमिनी नगरपालिका-१, कुश्मीसेराका हरिनारायण शर्माको जीवन यात्रा त्यही सङ्घर्ष, साहस, कृतज्ञता, आशा र पुनर्जन्मको प्रेरणादायी कथा हो ।

कहिलेकाहीँ जीवनमा यस्ता कठिन क्षण आउँछन्, जहाँ सबै सपना टुटेको जस्तो लाग्छ, भविष्य अन्धकार देखिन्छ र बाँच्ने आशासमेत हराउन थाल्छ । तर त्यही अन्धकारबीच आशाको एउटा सानो किरणले जीवनलाई फेरि उज्यालो बनाउन सक्छ। पाँच दिदीबहिनीहरूका बीचमा बाबा-आमाका एक्लो छोरा हुनुहुन्छ उहाँ सानैदेखि सामाजिक कार्यमा रुचि राख्नुहुन्थ्यो । गाउँ, विद्यालय तथा विभिन्न सामाजिक गतिविधिमा सक्रिय सहभागिता जनाउने उहाँ सबै उमेर समूहका मानिससँग सजिलै घुलमिल हुन सक्नुहुन्थ्यो। पढाइमा पनि राम्रो हुनुहुन्थ्यो।

परिवारको भविष्य र छोराहरूको शिक्षाका लागि उहाँ काठमाडौँमा निजी क्षेत्रमा ग्राफिक डिजाइनिङको काम गर्दै हुनुहुन्थ्यो । विस्तारै शरीर कमजोर हुँदै गयो, हातखुट्टा सुन्निने, रिङ्गटा लाग्ने, वाकवाकी लाग्ने, अत्यधिक कमजोरी महसुस हुनेजस्ता समस्याहरू देखिन थाले।

अस्पतालमा जाँच गर्दा चिकित्सकहरूले दुवै मिर्गौलामा गम्भीर समस्या भएकाले छिटोभन्दा छिटो डायलासिस वा मिर्गौला प्रत्यारोपणको तयारी गर्न सुझाव दिनुभयो । उहाँ सम्झनुहुन्छ,-त्यो क्षणमा जीवन नै समाप्त भएकोजस्तो लाग्यो। केही सोच्न, बोल्न वा बुझ्न सकिन। विस्तारै ओपिडी बाहिर निस्किएँ।

त्यतिबेला अस्पतालमा र ओपिडीमा आफ्नो पालो कुरिरहेका व्यक्तिका आफन्तहरुबीच धेरैजसो नकारात्मक कुरा मात्र सुनिन्थ्यो-यस्तो रोग लागेपछि उपचार गर्न गाह्रो हुन्छ, धेरै खर्च लाग्छ, प्रत्यारोपण सफल हुँदैन, जीवनभन्दा मृत्यु नै सजिलो हुन्छ भन्ने । यस्ता कुराले आफूजस्ता




बिरामीलाई मानसिक रूपमा झन कमजोर बनाउँथ्यो । कहिलेकाहीँ लाग्थ्यो बरु सजिलै मर्न पाए परिवारलाई कम दुःख हुन्थ्यो भन्ने सोचसमेत आएको उहाँ बताउनुहुन्छ।

चिकित्सकसँग खुला रूपमा प्रश्न गर्न वा उपचारपछि जीवनको सम्भावनाबारे बुझ्न पनि आँट आउँदैनथ्यो । वरिष्ठ चिकित्सक डा ऋषिकुमार काफ्लेले तिमी प्रत्यारोपणपछि पनि राम्रो गर्न सक्छौँ । भारतमा एउटा राम्रो अस्पताल छ, कम खर्चमा उपचारका लागि सिफारिस गरिदिन्छु भनेर दिएको सल्लाहले नै उहाँलाई बाँच्ने आशा पलायो । त्यस समय नेपालमा डायलासिसबाहेक प्रत्यारोपण सुविधा उपलब्ध थिएन।

उहाँ नयाँ जीवनको आशामा भारतको कोइम्बातुरस्थित कोभाइ मेडिकल अस्पतालमा पुग्नुभएका उहाँको २०६३ चैत २३ गते मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भयो। त्यतिबेला उहाँ २८ वर्षको हुनुहुन्थ्यो । उहाँको उपचारमा धेरै व्यक्तिहरुबाट सहयोग जुटेको थियो । धेरैको सानो सानो सहयोग, स्कूलका साना नानीबाबुहरुले आफ्नो खाजा खर्चबाट जोगाएरसमेत सहयोग गरेकाले नै मेरो उपचार सम्भव भएको थियो । जीवनको अन्तिम विन्दुमा पुगेको मानिसलाई एउटा सकारात्मक भावनाले र सानो सहयोगले पनि फेरि बाँच्ने शक्ति दिन सक्छ, आशा पलाउँछ।

परिवारको सहयोग र चिकित्सकको प्रयासपछि उहाँको मिर्गौला प्रत्यारोपण सफल भयो । प्रत्यारोपणपछि चिकित्सकले उहाँलाई नियमित व्यायाम गर्न सुझाव दिए। प्रत्यारोपणपछि समाजसेवा र जनचेतनाको अभियान मिर्गौला प्रत्यारोपणपछि शर्माले आफ्नो जीवनलाई केबल व्यक्तिगत सङ्घर्षमा सीमित राख्नुभएन । उहाँले अङ्गदान र प्रत्यारोपणपछि पनि स्वस्थ, सफल र सक्रिय जीवन जिउन सकिन्छ भन्ने सन्देश फैलाउने अभियान सुरु गर्नुभयो । उहाँले सन् २०१० मा केही साथीहरूसँग मिलेर नेपालमै पहिलोपटक नेपाल ट्रान्सप्लान्ट गेम्स तथा मिर्गौला स्वास्थ्य तथा अङ्गदान सचेतनाका लागि 'किड्नी वाक' कार्यक्रम सुरु गर्नुभयो। यी कार्यक्रम अहिले पनि विभिन्न संस्थाहरूले निरन्तर सञ्चालन गरिरहेका छन्।

सन् २०१० देखि देशका विभिन्न स्थान तथा विद्यालयहरूमा अङ्गदान र मिर्गौला स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आउनुभएको छ । सन् २०११ देखि हालसम्म 'वर्ल्ड किड्नी डे च्याम्पियन'का रूपमा सक्रिय हुनुहुन्छ । सन् २०२२ मा स्वीट्जरल्याण्डको लोजानस्थित ओलम्पिक भवनमा 'वर्ल्ड ट्रान्सप्लान्ट गेम्स फेडरेशन'द्वारा आयोजित 'ग्लोबल अर्गान डोनेसन एम्बासडर क्याम्पेन'मा नेपालको प्रतिनिधित्व गर्नुभयो । सन् २०२३ मा अष्ट्रेलियाको पर्थमा सम्पन्न वर्ल्ड ट्रान्सप्लान्ट गेम्स प्रतियोगितामा नेपालका पाँच जना प्रत्यारोपण खेलाडीलाई सहभागिता गराउन टोली प्रबन्धकको भूमिका निर्वाह गर्नुभयो । आरोग्य फाउन्डेसन तथा अन्य संघसंस्थाको सहयोगमा सहभागी नेपाली खेलाडीहरूले सात पदक जित्न सफल भएका थिए। सन् २०२३ मा थाइल्याण्डको बैंककमा आयोजित पहिलो 'पेटाङ्क ट्रान्सप्लान्ट एशियन ओपन च्याम्पियनसिप'मा सहभागिता जनाउनुभयो।

तीनवर्ष अघि नेपाल प्रत्यारोपण खेलकुद सङ्घ स्थापना गरी संस्थापक तथा महासचिवको रूपमा कार्यरत उहाँ 'वर्ल्ड ट्रान्सप्लान्ट गेम्स फेडरेशन'का लागि नेपालको तर्फबाट टोली प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्छ। थाइल्याण्डको बैंककमा २ ९ अप्रिलदेखि ३ मे २०२६ सम्म सम्पन्न दोस्रो पेटाङ्क ट्रान्सप्लान्ट एशियन ओपन च्याम्पिएक स्वर्ण पदक र एक रजत पदक जितेर अन्तरराष्ट्रियस्तरमा देशलाई गौरवान्वित बनाउनुभएको छ । अष्ट्रेलिया, भुटान, चीन, हङकङ, हङ्गेरी, भारत, मलेसिया, नेपाल तथा थाइल्याण्डका ८५ जना ट्रान्सप्लान्ट खेलाडी सहभागी उक्त प्रतियोगितामा उहाँले पुरुष सिंगल्स (नेसन्स ग्रुप) मा स्वर्ण पदक र मिक्स डबल (नेसन्स ग्रुप) मा रजत पदक जित्न सफल हुनुभयो।

उहाँको यो उपलब्धि केवल खेलकुदको विजय मात्र नभई समाजका लागि शक्तिशाली सचेतनामूलक सन्देश पनि बनेको छ । यसले अङ्गदान तथा अङ्ग प्रत्यारोपण पछि पनि मानिसलाई नयाँ जीवन, नयाँ आशा र समाज तथा राष्ट्रका लागि सक्रिय योगदान गर्ने अवसर दिन सक्छ भन्ने पुष्टि गरेको छ। उहाँको यो यात्रा अङ्ग प्रत्यारोपणको प्रतीक्षामा रहेका हजारौँ बिरामी तथा प्रत्यारोपणपछि पुनः जीवनतर्फ फर्किरहेका व्यक्तिहरूका लागि प्रेरणा बनेको बागलुङका सञ्चारकर्मी हरिनारायण गौतम बताउनुहुन्छ।

सन् २००८ मा नेपालमा सुरु भएको मानव अङ्ग प्रत्यारोपण सेवाले उल्लेखनीय प्रगति गरिरहेको छ। अहिले काठमाडौँसहित देशका विभिन्न सहरहरूमा मिर्गौला र कलेजो प्रत्यारोपण सेवा विस्तार भइरहेको छ। नेपालमा प्रत्यारोपण सफलताको दर विकसित देशहरूसँग तुलना गर्न सकिने अवस्थामा पुगेको छ भने खर्च पनि तुलनात्मक रूपमा कम मानिन्छ । नेपाल सरकारले सरकारी अस्पतालमार्फत सहुलियत तथा निःशुल्क प्रत्यारोपण सेवा उपलब्ध गराउन प्रयास गरिरहेकोमा उहाँ खुसी व्यक्त गर्नुहुन्छ । तर जीवनभर नियमित खानुपर्ने महँगा औषधि, उपचार र परीक्षण खर्चले गरिब तथा निम्न आय भएका बिरामीहरूलाई अझै कठिनाइ भइरहेको उहाँको भनाइ छ। उहाँका अनुसार डायलाइसिस सेवा जिल्ला अस्पतालसम्म विस्तार हुँदै गए पनि दक्ष जनशक्तिको अभाव अझै चुनौतीका रूपमा रहेको छ।

नेपालमा अझै धेरै बिरामी अङ्गदाताको अभावमा प्रतीक्षामा बस्न बाध्य छन्। अङ्गदानसम्बन्धी जनचेतना अझ व्यापक बनाउन आवश्यक रहेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "एकजना मस्तिष्क मृत्यु भएका व्यक्तिले आठ जनासम्मलाई नयाँ जीवन दिन सक्छन् । अङ्गदान संसारकै सबैभन्दा ठूलो मानवसेवा हो।"रासस

# ट्राफिक प्रहरीद्वारा एक हजार ९६२ जना कारबाहीमा



काठमाण्डु । ट्राफिक प्रहरीले काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा एक हजार ९६२ जना सवारी चालक तथा नियम उल्लङ्घनकर्तामाथि कारबाही गरेको छ। उक्त कारबाहीबाट रु आठ लाख ८९ हजार राजस्व सङ्कलन भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

ट्राफिक प्रहरीका अनुसार उपत्यकाभित्र बढ्दो सवारी चाप, अव्यवस्थित पार्किङ, लापरबाहीपूर्ण सवारी सञ्चालन तथा ट्राफिक नियमको बेवास्ताका कारण दुर्घटनाको जोखिम बढ्दै गएको छ। यसलाई नियन्त्रण गर्न नियमित चेकिङ, निगरानी तथा विशेष अभियान सञ्चालन गरिएको हो।

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार कारबाहीमा पर्नेहरूमध्ये सबैभन्दा बढी विभिन्न अन्य ट्राफिक उल्लङ्घन गर्ने ९०५ जना रहेका छन्।

यस्तै, मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउने १०२ जना चालकलाई नियन्त्रणमा लिइएको छ भने राइड सेयरिङसम्बन्धी नियम उल्लङ्घन गर्ने १४७ जनामाथि कारबाही गरिएको छ।

त्यसैगरी, रातो बत्ती उल्लङ्घन गर्ने २११, तीव्र गतिमा सवारी चलाउने १९७, लेन मिच्ने ५३, सडक फुटपाथ अतिक्रमण गर्ने ८८, 'नो हर्न' क्षेत्र उल्लङ्घन गर्ने ११६ तथा एकतर्फी सडकमा सवारी प्रवेश गराउने १४३ जना चालक कारबाहीमा परेका छन्।

प्रहरी उपरीक्षक सुवेदीले ट्राफिक प्रहरीको मुख्य उद्देश्य राजस्व सङ्कलन मात्र नभई नागरिकलाई ट्राफिक नियमप्रति जिम्मेवार बनाउनु रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उपत्यकामा ट्राफिक नियम उल्लङ्घन तथा सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी निरन्तर खटिएको छ । हाम्रो उद्देश्य केवल राजस्व उठाउनु होइन, नागरिकलाई सुरक्षित यात्रा सुनिश्चित गराउनु र सडक दुर्घटना घटाउनु हो।"

उहाँका अनुसार पछिल्लो समय ट्राफिक नियम उल्लङ्घनका घटनामा केही कमी आए पनि अझै धेरै चालकले आधारभूत नियमसमेत पालना नगर्ने गरेको पाइएकाले निगरानी थप कडा बनाइएको छ।

विशेषगरी मापसे, तीव्र गति, मोबाइल प्रयोग गर्दै सवारी चलाउने तथा सिग्नल उल्लङ्घन गर्ने गतिविधिले दुर्घटना निम्त्याउने भएकाले यस्ता कार्यविरुद्ध कडाइ गरिएको जनाइएको छ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यवसाय तथा अध्ययन-शिक्षाको क्षेत्रमा क्रमिक तर स्थिर प्रगति देखिन्छ। |
| वृष : | आत्मबल, आत्मविश्वास र दृढ इच्छाशक्ति उच्च रहने समय हो। |
| मिथुन : | योजनाबद्ध ढंगले काम गर्दा चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्न सकिनेछ। |
| कर्कट : | अड्किएको धन फिर्ता आउने समय छ। |
| सिंह : | पेशागत क्षेत्रमा उल्लेखनीय सफलता प्राप्त हुने समय छ। |
| कन्या : | सामाजिक तथा धार्मिक कार्यहरुमा सक्रियता बढ्नेछ। |
| तुला : | मनमा केही अशान्ति र द्विविधा उत्पन्न हुन सक्छ। |
| वृश्चिक : | व्यक्तिगत तथा व्यावसायिक सम्बन्धहरुमा सुधार आउनेछ। |
| धनु : | सानो प्रयासबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने समय छ। |
| मकर : | आनन्ददायी यात्रा तथा नयाँ अनुभव प्राप्त हुने सम्भावना छ। |
| कुम्भः | मानसिक तनाव र खर्चमा वृद्धि हुन सक्ने संकेत छन्। |
| मीनः | सामाजिक प्रतिष्ठामा वृद्धि हुने समय छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विधि र प्रक्रियाबमोजिम आएका रिट दर्ता गर्नु: कामु प्रधानन्यायाधीश मल्ल




काठमाण्डु । सर्वोच्च अदालतका कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्लले विधि र प्रक्रियबमोजिम दर्ता हुन आएका रिट निवेदन दर्ता गर्न आदेश दिनुभएको छ।

कामु प्रधानन्यायाधीश मल्लले गत वैशाख २३ र २५ गतेलगायतका मितिमा दर्ता हुन आएका रिट निवेदनहरु दर्ता गर्न आज आदेश दिनुभएको हो । कानुन व्यवसायीहरुले दर्ता गर्न ल्याएको रिट निवेदन दरपीठ गरेको र दरपीठविरुद्ध रिट दर्ता गर्न खोज्दा पनि अदालत प्रशासन नगरेको कानुन व्यवसायीको गुनासोपछि उहाँले उक्त आदेश दिनुभएको हो। साथै दर्ता भएका सबै रिट निवेदन जेठ ५ गतेका लागि पेसी चढाउनसमेत उहाँले आदेश दिनुभएको छ।

“कानुनले तोकेको विधि र प्रक्रियाबमोजिम अदालतमा दर्ता हुन आएका निवेदनलाई रोक्नु न्याय प्राप्तिको बाटोको अवरोध र अदालतका जनआस्थामाथिको अविश्वास बढाउने व्यवहार एवं प्रयास हुने देखिन्छ”, आदेशमा भनिएको छ, “यस्तो अवस्थामा नेपालको संविधानको धारा १३६, न्याय प्रशासन ऐन, २०७३ को दफा ३५ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७ बमोजिम प्रधान न्यायाधीशको हैसियतले आवश्यक निर्देशन एवं आदेश गर्नुपर्ने आवस्थाको विद्यमानता देखियो।”

सर्वोच्च अदालत नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (७) बमोजिम अदालतमा दर्ता हुन आएको लिखत दर्ता गर्न वा दर्ता गर्न नमिल्ने देखिएको लिखत दरपिठ गर्ने अधिकार मुख्य रजिष्ट्रारलाई प्राप्त हुने गरेको छ।

कामु प्रधानन्यायाधीश मल्लले दिनुभएको आदेशमा नेपालको संविधानको धारा १३६ ले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशलाई दिएको उल्लेख गर्दै विशेष अवस्था र परिस्थितिमा अदालतको न्याय प्रशासन सञ्चालनमा देखिएको अवरोधलाई सम्बोधन गर्न नेपालको संविधानको धारा १३६ न्याय प्रशासन ऐन, २०७३ को दफा ३५, सर्वोच्च अदालन नियमावली, २०७४ को नियम ७ र ८ को प्रयोग गर्न अत्यावश्यक हुन आएको उल्लेख छ। रासस

# मौसमी रोगबाट बच्न टोलटोलमा स्वास्थ्य सरोकार समिति

टीकापुर । यहाँको टीकापुर नगरपालिका-८ मा मौसमी रोगबाट बच्न टोलटोलमा स्वास्थ्य सरोकार समितिमार्फत समुदायमा सचेतना जगाउन थालिएको छ।

यहाँस्थित धनसिंहपुर स्वास्थ्य चौकीले मौसम अनुसारका विभिन्न सर्ने तथा नसर्ने रोगबारे समुदायलाई सचेत गराउन समुदायमा स्वास्थ्य सरोकार समिति गठन गरेर जानकारी दिन थालेको हो। ८ नं वडामा रहेका १७ वटा टोल विकास संस्थामा १७ वटा स्वास्थ्य सरोकार समिति गठन गरेर स्वास्थ्य सचेतना सञ्चालन गरिएका छन्।

साथै हरेक टोल विकास संस्थाको अध्यक्ष स्वास्थ्य सरोकार समितिको सदस्य रहने गरी वडाअध्यक्षको नेतृत्वमा वडास्तरीय स्वास्थ्य सरोकार समिति गठन गरिएको हो। सरोकार समितिले हरेक महिना समुदायका स्वास्थ्य समस्याबारे छलफल गर्ने, मौसम अनुसारका रोगबाट बच्ने उपायबारे जानकारी दिने गरेका छन्।

जलवायु परिवर्तन र मौसम परिवर्तनका कारण मानिसमा देखापर्ने स्वास्थ्य समस्याबारे समुदायलाई सचेत गराउन थालिएको स्वास्थ्य चौकीले जनाएको छ।

त्यसपछिवडा स्तरीय समितिमा तीन/तीन महिनामा सरोकार समितिका स्वास्थ्यसम्बन्धी भएका काम र समस्याबारे छलफल गर्ने गरिएको छ। स्वास्थ्य सचेतनाका लागि स्वास्थ्य चौकीले दिएका



१४ बुँदा सरसफाइ, खानपान, दैनिक जीवनशैली, स्वस्थकर व्यवहार आदिबारे स्वास्थ्य सरोकार समितिमा छलफल हुने गरेको स्वास्थ्य सरोकार समितिका अध्यक्ष मालती साउँदले बताउनुभयो । “हरेक महिना टोल विकास संस्थाको बैठकमा स्वास्थ्यका फरक फरक विषयमा छलफल गर्छौं, विशेषगरी सरसफाइलाई प्राथमिकता दिएका छौँ”, उहाँले भन्नुभयो, “शुद्ध खानेपानी, सफा शौचालय, हरेक घरमा करेसाबारी लगाउने, बिरामी भएपछि लिइने उपचार सेवा, लागूऔषध, बालविवाहका विषयमा पनि छलफल गर्ने गरेका छौँ।” सरोकार समितिमा उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गर्ने गरिएको छ। समितिलाई एक लाख रुपैयाा बराबरको स्वास्थ्य सामग्री प्रदान गरिनेछ । “विगत पाँच वर्षदेखि वडा कार्यालयको सहयोगमा यो कार्यक्रम सञ्चालनमा छ”, धनसिँहपुर स्वास्थ्य चौकीका इञ्चार्ज यमबहादुर शाहले भन्नुभयो, “चार वर्ष नागरिकलाई सचेत गराउने, स्वस्थ रहने उपायबारे जानकारी दिने र जनचेतना जगाउने काम गरिएको छ।”

> “शुद्ध खानेपानी, सफा शौचालय, हरेक घरमा करेसाबारी लगाउने, बिरामी भएपछि लिइने उपचार सेवा, लागूऔषध, बालविवाहका विषयमा पनि छलफल गर्ने गरेका छौं ।”

यस वर्षबाट सरोकार समितिलाई स्वास्थ्य सचेतनाका लागि आवश्यक सामग्री उपलब्ध गराउने तयारी रहेको उहाँले जानकारी दिनुभयो। उच्च रक्तचाप जाँच गर्ने मेसिन, तौल लिने मेसिनलगायत प्राथमिक उपचार सामग्री उपलब्ध गराइने शाहले बताउनुभयो । “यसका साथै स्वास्थ्यसम्बन्धी समस्या समाधान र सचेतनाका लागि १७ वटा टोल विकास संस्थाको मेसेन्जर ग्रुप बनाइएको छ”, इञ्चार्ज शाहले भन्नुभयो, “गुप्रमा स्वास्थ्यसम्बन्धी र सरसफाइसम्बन्धी जिज्ञासा र सल्लाह दिने गरिन्छ।”

वडाध्यक्ष दीर्घबहादुर ठकुलाले वडा नम्बर ८ विकट र सीमासँग जोडिएको पालिका भएकाले पनि नागरिकलाई रोग लागेर उपचार गर्नुभन्दा, रोग लाग्न नदिनका लागि सचेत गराउन निरन्तर कार्यक्रम गरिरहेको बताउनुभयो। “टीकापुर अस्पतालबाट टाढा रहेकाले विशेषगरी यहाँका नागरिकलाई विशेषज्ञ सेवा लिन दूरीका हिसाबले टाढा छ”, उहाँ भन्नुहुन्छ, “नसर्ने रोगको जोखिमबाट बचाउन सचेत गराउने गरिएको छ। पाँच वर्षको अवस्था विश्लेषण गर्दा यो कार्यक्रम प्रभावकारी बन्दै गएको छ। स्वस्थ मानिसले श्रम गर्न सक्ने भएकाले निरोगी बनाउन लगानी गरिरहेका छौँ।”

ठकुल्लाका अनुसार चालु आर्थिक वर्षदेखि नागरिकलाई विशेषज्ञ सेवा दिन ‘स्मार्ट हेल्थ’ कार्यक्रम सुरु गरिएको छ। “कार्यक्रममा भिडियो कलमा विशेषज्ञ चिकित्सकलाई जोडेर स्वास्थ्य सेवा दिइन्छ”, उहाँले भन्नुभयो, “समुदायमा स्वास्थ्य समस्या र निदानबारे छलफल गर्दा विभिन्न मौसममा देखिने स्वास्थ्य समस्याहरू पहिचानमा सहज भएको छ। समयमै उपचार पाउँदा रोग फैलनबाट जोगिने भएकाले यो कार्यक्रमलाई निरन्तरता दिने योजना छ।” रासस

# समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता शुरु

काठमाण्डु । सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता दिन सुरु गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आज तीन वटा सहकारीका ३७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको हो।

समितिका अनुसार कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १५६ र पशुपति सहकारी सात जना साना बचतकर्ताले बचत फिर्ता पाएका हुन् । आज पहिलो दिन थोरै बचत भएका बचतकर्तालाई रकम फिर्ता गरिए पनि अब क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर सबैलाई फिर्ता गरिने भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ।




समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब रकम फिर्ता गर्नुपर्ने छ। तीमध्ये अधिकांश साना बचतकर्ता रहेका सचिवालयले जनाएको छ। रु पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र रु पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ। कुल ७६ हजारमध्ये रु पाँच लाखभन्दा बढी बचत गर्ने १८ हजार रहेका समितिले जनाएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि सहकारीहरूको ऋण असुल्ने काम तीव्र रूपमा भइरहेकोबताउनुभयो। उहाँकाअनुसार समस्याग्रस्त सहकारीका ऋणहरूको नाममा सार्वजनिक भएपछि अहिले ऋणीहरूले ऋणी फिर्ता गर्न लागेका छन्।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार अहिले समस्याग्रस्त सहकारीका ऋणीहरूले रु दुई करोडभन्दा बढी ऋण फिर्ता गरेका छन् । ऋणी असुली र बचत फिर्ता सँगसँगै अघि बढ्ने समितिले जनाएको छ। रासस

# दुर्घटनाबाट सुरक्षित हुन हेल्मेटको प्रगोगसम्बन्धी कानुन बन्नुपर्नेमा जोड

काठमाण्डु । सवारी दुर्घटनाबाट सुरक्षित हुन नियमित रूपमा हेल्मेटको प्रयोग गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिबीच छलफल भएको छ। अन्तरराष्ट्रिय अटोमोबाइल फेडेरेसन (एफआईए) तथा एआइपी फाउण्डेसनको सहयोगमा ‘हेड्सअप’ अभियानअन्तर्गत हेल्मेट कानुन तथा मापदण्डसम्बन्धी आयोजित ‘ पोलिसी डाइलग’ कार्यक्रममा हेल्मेट प्रयोगसम्बन्धी कानुन बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको हो।

कार्यक्रममा विभिन्न सरकारी निकाय, स्वास्थ्य क्षेत्र, सडक सुरक्षा विज्ञ, प्राविधिक क्षेत्र, युवा, बालबालिका तथा सरोकार भएका संस्थाका प्रतिनिधि गरी करिब ६० जनाको सहभागिता थियो । नासा नेपालका परियोजना संयोजक सुवास भट्टराईले नासाको सडक सुरक्षासम्बन्धी गतिविधि तथा हाल सञ्चालन भइरहेको ‘हेड्सअप’ अभियानबारे जानकारी गराउनुभयो।

कार्यक्रममा अर्थोपेडिक सर्जन डा सतिशप्रसाद वर्नवालले सडक दुर्घटना र हेल्मेटको प्रयोग विषयमा प्रस्तुति दिँदै दुई पाङ्ग्रे सवारीसाधनको दुर्घटनाबाट हुने गम्भीर चोटपटक तथा जोखिम न्यूनीकरणमा गुणस्तरीय हेल्मेट प्रयोगको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो।

नेपाल प्रहरीको राजमार्ग एण्ड ट्राफिक व्यवस्थापन महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारीले विद्यमान कानुनी व्यवस्था तथा सडक सुरक्षामा सरोकार भएका निकायका प्रतिनिधिको भूमिकाबारे प्रस्तुति दिनुभयो। सडक सुरक्षा विज्ञ भगवती सेडाईंले नेपालमा विद्यमान हेल्मेट कानुन, राष्ट्रिय हेल्मेट मापदण्ड कार्यान्वयनको आवश्यकता तथा चालक र पछाडि बस्ने दुवैले अनिवार्य रूपमा हेल्मेट प्रयोग गर्नुपर्ने व्यवस्थाको कडाइका साथ कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो।

काठमाडौं विश्वविद्यालयका प्राडा ड्यानियल तुलाधर, राष्ट्रिय सडक सुरक्षा परिषद्का सरोजकुमार प्रधानलगायत सहभागीले हेल्मेटको गुणस्तर, सडक सुरक्षा नीति तथा प्रभावकारी कार्यान्वयनका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो । नासा नेपालका कार्यकारी निर्देशक गोविन्द भट्टराईले सरकारले सडक सुरक्षा तथा डबल हेल्मेटको विषयमा पर्याप्त प्राथमिकता नदिएको उल्लेख गर्दै छ। रासस

# दुग्ध विकास संस्थानको क्षमता विस्तारका लागि प्रदेश सरकारसमक्ष प्रस्ताव



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले किसानद्वारा उत्पादित दूध सहज रूपमा खरिद गर्ने वातावरण निर्माण गर्न सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी)मा दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजनाद्वारा आयोजनाका प्रमुख तथा प्रतिनिधिसँग आज भएको छलफलमा मुख्यमन्त्री आचार्यले दूध सहज रूपमा खरिद गर्नुपर्ने र किसानलाई समयमा भुक्तानी गराउनुपर्नेमा जोड दिनुभयो। सोअवसरमा दुग्ध वितरण आयोजनाले क्षमता विस्तारसम्बन्धी प्रस्ताव पेस गरेको थियो।

मुख्यमन्त्री आचार्यले दूधबाट उत्पादन हुने सामग्रीमा विविधीकरण गरी उपभोक्तालाई सहज रूपमा गुणस्तरीय दुग्ध पदार्थ उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो। उहाँले दुग्ध विकास संस्थानका उत्पादनको बजारीकरणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजना बुटवलले क्षमता विस्तार योजना प्रस्ताव गरेको छ। आयोजना प्रमुख कृष्णप्रसाद अर्यालले प्रस्तावपत्र पेस गर्नुभएको थियो। प्रस्तावअनुसार आयोजनाको सङ्कलन, उत्पादन, उपयोगिता, ढुवानी तथा बजारीकरण क्षमता विस्तार गरी दैनिक २५ हजार लिटर दूध व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ।

हाल आयोजनाले ‘फ्लस सिजन’मा दैनिक १५ हजारदेखि २० हजार लिटर र ‘लिन सिजन’मा सात हजारदेखि १० हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको जनाएको छ। दुग्ध विकास संस्थानले हाल देशभर करिब ८०० दुग्ध उत्पादक सहकारीमार्फत दैनिक एक लाख ५० हजार लिटर दूध खरिद गर्दै आएको छ। यसबाट करिब एक लाख कृषकका परिवार प्रत्यक्ष लाभान्वित भएका छन् भने १० हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन्।

बुटवलमा विसं २०४६ मा स्थापना भएको लुम्बिनी दुग्ध वितरण आयोजनाको दूध सङ्कलन क्षेत्र रुपन्देही, नवलपरासी, नवलपुर, कपिलवस्तु र गुल्मी रहेका छन्। आयोजनाले बुटवल, भैरहवा, पाल्पा, नवलपरासी, नारायणघाट र पोखरामा दूध तथा दुग्ध पदार्थको बजारीकरण गर्दै आएको छ।

आयोजनाले पुराना उपकरण, सीमित प्रशोधन क्षमता, बजारीकरणका साधनको अभाव तथा उत्पादन विविधीकरणमा समस्या रहेको उल्लेख गर्दै नयाँ उपकरण तथा पूर्वाधार विस्तारको आवश्यकता औँल्याएको छ। प्रस्तावित योजनाअन्तर्गत खुवा बनाउने उपकरण (मेसिन), ‘ब्वाइलर’, ‘होमोजनाइजर’, ‘अटोमेटिक बटर प्याकेजिङ मेसिन’, दही ‘फिलिङ मेसिन’, ‘आइसक्रिम तथा कुल्फी प्लान्ट’, ‘डेलिभरी भ्यान’ र २० टन क्षमताको बटर कोल्ड स्टोर स्थापना गर्ने योजनामा समावेश गरिएका छन्।

प्रस्ताव कार्यान्वयनपछि दूध प्रशोधन क्षमता प्रतिघण्टा तीन हजार लिटरबाट पाँच हजार लिटर पुग्ने, लाभान्वित कृषक परिवार छ हजारबाट आठ हजार पुग्ने तथा दैनिक दूध खपत पाँच हजार लिटरबाट आठ हजार लिटर पुग्ने अपेक्षा गरिएको छ। रासस

# एक जापानी नागरिक अध्यागमन विभागको नियन्त्रणमा




काठमाण्डु । भिसाको उद्देश्यविपरीत नेपालमा बसी शङ्कास्पद क्रियाकलापमा संलग्न एक जापानी नागरिकलाई अध्यागमन विभागले नियन्त्रणमा लिएको छ।

उनी सन् २०१२ मा पहिलो पटक पर्यटक भिसामा नेपाल प्रवेश गरेका थिए । नेपालमा अनुमति नलिई छ वर्षसम्म गैरकानुनी रुपमा व्यवसाय सञ्चालन गरेको र स्थानीय तहमा व्यवसाय दर्ता गरे पनि सरकारलाई बुझाउनुपर्ने कर तिरेको नदेखिएको विभागले जनाएको छ।

नेपाली महिलासँग विवाह गरेका नेपाली भाषा प्रष्टसँग बोल्न सक्ने जापानी नागरिक, निजले पोखरा लेखनाथ महानगरपालिकामा व्यवसाय दर्ता गरी पुम्दी पभुम्दीमा पिस अफ माइन्ड रेष्टुरेण्ट क्याफे सञ्चालन गरेका थिए। सम्बन्धित सरकारी कार्यालयमा व्यवसाय स्थानान्तरणसम्बन्धी प्रक्रिया पूरा नगरी विगत चार वर्षदेख ललितपुरको झम्सिखेलमासमेत कफी सप सञ्चालन गरिरहेका थिए।

उक्त कफी सप दर्ताविना सञ्चालन गरिरहेको विभागले जनाएको छ । नेपालमा पर्यटक भिसामा बसेको विदेशी नागरिकले विदेशी लगानी स्वीकृत गरी व्यवसाय सञ्चालन गर्न व्यावसायिक भिसा लिएको हुनुपर्ने वा काम गर्ने भएमा ‘वर्किङ’ भिसा लिएको हुनुपर्छ।

भिसाको उद्देश्यविपरीत क्रियाकलापमा संलग्न बसेका विदेशीलाई महानिर्देशकले ५० हजार रुपैयाँसम्म जरिवाना गर्ने र अवधि तोकी वा नतोकी नेपाल पुनः प्रवेश गर्न नपाउने गरी निष्काशन गर्ने कानुनी व्यवस्था छ।

नेपालमा भिसाको उद्देश्य विपरित बसेका वा शंकास्पद गतिविधिमा संलग्न निज विदेशी नागरिकलाई अनुसन्धान गरी कानुन बमोजिम कारबाही गरिने जनाइएको छ । विभागले उक्त नागरिकको नाम भने खुलाएको छैन। रासस

# महिला आयोगको कार्यालय अब नारायणहिटीमा सर्ने

काठमाण्डु । राष्ट्रिय महिला आयोगले नारायणहिटी दरबार स्थित साविक राहदानी विभागको भवनबाट सेवा प्रवाह गर्ने तयारी गरेको छ।

आयोगका सदस्य एवं प्रवक्ता कृष्णकुमारी पौडेल खतिवडाका अनुसार आयोगको प्रशासनिक काम नारायणहिटीस्थित नयाँ भवनबाट सुरु भइसकेको छ भने एक साताभित्र सम्पूर्ण सेवा सञ्चालन गर्ने तयारी गरिएको छ।

अहिले आयोगको ११४५ हेल्पलाइन सेवा र उजुरीसम्बन्धी काम भद्रकालीस्थित कार्यालयबाट सञ्चालन भइरहे पनि केही दिनभित्र ती सेवा नारायणहिटीबाटै सञ्चालन हुने बताइएको छ। आयोगकाअनुसार नयाँ भवनमा आन्तरिक व्यवस्थापन सम्पन्न भइसकेको छ।

स्थापनाकालदेखि आयोग भद्रकालीस्थित भाडाको भवनबाट सञ्चालन हुँदै आएको थियो । पछिल्लो समय आयोगले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको भवनसमेत प्रयोग गर्दै आएको थियो । आयोगले पानी, बिजुलीसहित मासिक चार लाख रुपैयाँ भाडा





तिर्दै आएको जनाएको छ। “अब भाडा तिर्नु पर्दैन, संवैधानिक आयोगको गरिमा पनि कायम हुन्छ । नारायणहिटीस्थित भवन तुलनात्मक रूपमा सुविधासम्पन्न भएकाले सेवाग्राहीलाई पनि सहज हुन्छ भन्ने विश्वास लिएका छौँ,” सदस्य पौडेलले भन्नुभयो।

तत्कालीन मन्त्रिस्तरीय निर्णयअनुसार २०८० असोज २१ गते नै आयोगलाई नारायणहिटीस्थित भवनमा सार्ने निर्णय भएको थियो। तर विभिन्न प्रशासनिक कारणले प्रक्रियाअघि बढ्न सकेको थिएन।

सरकारको प्रशासनिक सहजीकरणपछि कार्यालय सार्ने काम अघि बढेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गत वैशाख २२ गते नै आयोगलाई सरकारी भवन प्रयोगमा ल्याउन पत्राचार गरेको थियो । प्रयोगविहीन सरकारी भवन उपयोगमा ल्याउने तथा संवैधानिक आयोगलाई भाडा खर्चबाट मुक्त गरी आर्थिक रूपमा मितव्ययी बनाउने उद्देश्यले आवश्यक प्रशासनिक व्यवस्थापन गरिएको प्रधानमन्त्री वालेन्द्र शाहका अनुसन्धान तथा प्रेस विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

प्रधानमन्त्री कार्यालयको सहजीकरणमा साविक राहदानी विभागले प्रयोग गरेका कोठामा रहेका पुराना कागजात तथा सरसामान व्यवस्थापन गरी आयोगलाई कार्यालय सञ्चालनका लागि स्थान उपलब्ध गराइएको हो।

आयोगले महिला तथा बालबालिकामाथि हुने हिंसा र विभेदसम्बन्धी उजुरी तथा सेवा प्रवाह गर्दै आएको छ। आयोगका अनुसार दैनिक २० देखि २५ जनाले प्रत्यक्ष सेवा लिने गरेका छन् भने ११४५ हेल्पलाइनमार्फत देश तथा विदेशबाट दैनिक औसत ५० जनाभन्दा बढिले सेवा लिने गरेका छन्। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ।।**

## सम्पादकीय

# जसपा नेपालको एकीकरण परीक्षण

मधेश आन्दोलनपछि नेपालको राजनीतिमा विशेष पहिचान बनाएको मधेश केन्द्रित दलहरु पछिल्लो समय बालेन्द्र शाह( बालेन)को उदयसँगै अस्ताएका छन् । मधेश केन्द्रित दलहरुले गत फागुन महिनामा सम्पन्न प्रतिनिधि सभाको चुनावमा एक सिट पनि जित्न सकेको छैन् ।मधेशी दलहरु शून्यमा झर्नुको प्रशस्त कारणहरु छन् ।त्यसमध्ये सबैभन्दा ठूलो कारण नेताहरुमा देखिएको कुर्सी मोह, अहंकार, परिवार मोह, कमिसन खाने प्रवृत्ति छन् ।आफैं पदासीन रहन नेताहरुले मधेशी जनभावनालाई तिरस्कार गरे । मधेशी दलका नेताहरुले विश्वसनीय कार्य गर्न सकेन् ।जनविश्वास गुमाउँदै गए पनि त्यसलाई सच्याउने तर्फ ध्यान नै दिएन् ।नेताहरुबीच विश्वासको खाल्डो धेरै गहिरो हुँदै गयो ।पटक पटक एकीकरण गर्ने र फुट्ने क्रम अझै रोकिएको छैन् ।मधेशवादी दलहरुले दावी जस्तो गरे पनि मधेश प्रदेशमा नै खुम्चिएको छ ।मधेश प्रदेशको प्रदेश सभा र प्रदेश सरकार बाहिर मधेशी दलहरुको उपस्थिति कमजोर नै छ ।मधेश प्रदेशको १ सय ३२ पालिका मधेश एक चौथाईमा पनि मधेशी दल छैनन् । मधेश आन्दोलनको स्प्रिट अनुसार चल्न नसकेपछि मधेशी दलहरुको स्थिति कमजोर बनेको छ । एकजना मधेशी नेता बालेन्द्र शाहको नाममा मधेश प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले ३२ मध्ये ३० सिट जितेको छ ।मधेशीको अधिकार र पहिचानको लागि लडने मधेशी दलहरुले मधेश आन्दोलन लगतै प्राप्त गरेको जनसमर्थनलाई जोगाउन असफल भए ।अनेक टुटफुट र खिँचातानीले मधेशी दलहरु निकै कमजोर भए ।जनताले पनि विश्वास गर्न छाड्दै गए ।मधेशी दलहरुले मधेशलाई केन्द्र बनाएर इमान्दारीको राजनीति गरेको भए हालको अवस्था आउने थिएन् ।माओवादी र नेपाली कांग्रेसले मधेश प्रदेशमा १ र १ सिट जितेको छ । प्रतिनिधि सभा चुनावको क्रममा जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) मिलेर भाग लिएको थियो ।तर परिणाम शून्य आयो ।निर्वाचन आयोगले जसपा र लोसपा एकिकृत भइसकेको मान्यता दिइसकेको छ ।मधेश प्रदेश सभामा पनि दुबै दलको समायोजन भइसकेको छ ।जसपा नेपाल नामको पार्टीको संसदीय दलको नेता सरोज कुमार यादव रहेका छन् ।तर अब फेरि दल नेताको चुनावको तयारी गरिएको छ ।संसदीय दलमा २६ जना रहेका छन् ।मधेश प्रदेशमा सबैभन्दा ठूला दल जसपा नेपाल नै रहेको छ ।जसपा नेपालमा दलको नेता चयनका लागि लोकतान्त्रिक प्रक्रिया अपनाइने बताइएको छ ।तर पार्टीका दुई प्रमुख नेता मौन धारण गर्ने सम्भावना छैन् ।दलको नेताको चयनमा पनि विभाजन सम्मको स्थिति आउन नसक्ने भन्न सकिदैन् ।दलको नेता चयनमा सर्वसम्मत गर्न सके जसपा नेपालको हितमा राम्रो हुनेछ ।

# उच्च रक्तचापको समस्याः हामी कहाँ चुक्छौँ ?



डा. मिलनप्रकाश श्रेष्ठ

उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्व दिएको पाइँदैन । यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन् । उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड-इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैँ उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन ।

### लक्षण बिनाको उच्च रक्तचाप

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन । कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ । बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन् । कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ । यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठूलै समस्या गराउन सक्छ ।

केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अङ्गहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पुर्‍याउने क्षति पुर्‍याई नै रहेको हुन्छ । रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ । त्यसैले आफ्नो उच्च रक्तचाप समय समयमा देखाइरहनु आवश्यक छ । साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ ।

### औषधि शुरू गर्न हिच्किचाहट

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन् । उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अङ्गहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ । तर यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन ।

उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो । उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अङ्गहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ । नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ । बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ ।

### औषधि खाएपछि 'साइड-इफेक्ट' गरिहाल्छ भन्ने भ्रम

साइड-इफेक्ट सबै औषधिको हुन्छ । उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन् । तर ती सबै साइड इफेक्टहरू सधैँ सबैलाई हुने सम्भावना मात्रै हो, हुन्छ नै भन्ने होइन । कुनै साइड-इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०-३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन् । डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरन्तै पत्ता लाग्छ ।

साइड-इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड-इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ । तर साइड-इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैँ उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गौला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड-इफेक्टहरू केही होइनन् ।



उच्च रक्तचापका कुनै औषधि खाँदा खुट्टा सुन्निने समस्या हुनसक्छ । कुनैले मुटुको ढुकढुकी बढाउन सक्छ । कुनैले ढुकढुकी चाहिनेभन्दा कम गराउन सक्छ । उच्च रक्तचापककै कुनै औषधिले सुक्खा खोकी लाग्ने गर्छ । कुनै औषधि सुरु गरेपछि पहिले नहुने स्वाँ..स्वाँ.. सुरु भएको हुनसक्छ । कुनै औषधिले मिर्गौलामा असर पार्न पनि सक्छ । एक किसिमको औषधिले लोग्ने मानिसको लिङ्गको उत्तेजनामा कमी, यौन इच्छामा कमी आउने आदि समस्या गराउन सक्छ । उच्च रक्तचापको औषधि सुरु गरेपछि पहिले नभएको समस्या देखापरे जस्तो लागे आफ्नो डाक्टरसँग सम्पर्क राखिहाल्नु पर्छ । यो साइड-इफेक्ट औषधि खानासाथै सबैलाई सधैँ हुने कुरा होइन ।

औषधि सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सक कहाँ तुरन्तै सम्पर्क राखिहाल्नु पर्छ । त्यसैले उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेर मात्र सुरु गर्नुपर्छ । कुनै परीक्षण नगराई मेडिकलबाट सिधै किनेर खाने बानी गर्नु हुँदैन । साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठिकै रहिरहे पनि तथा शारीरिक, मानसिक रुपमा ठिकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नै पर्नेपर्छ ।

### अपनाउनुपर्ने सावधानी

उच्च रक्तचाप बढाउनुमा धूम्रपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ । उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नु हुँदैन । यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ । उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ । त्यसैले कसैलाई एउटा औषधिको सानो डोज मात्र खाए पुग्छ भने कसैलाई दुई, तीनवटा त्यो पनि दिनको दुई पटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ । उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ ।

विशेषगरी घरमा एक्लै बस्ने, कम पढेलेखेका, नपढेका बिरामीमा तथा उच्च रक्तचापका साथै अन्य समस्याको पनि औषधि खाने बिरामीमा यो समस्या देखिन्छ । एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुई पटक खाएको, खानुपर्ने चाहिँ नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन् । अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन् । यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन् । यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ । त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ । एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

### मानसिक तनावको व्यवस्थापन

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्वपूर्ण मानिन्छ । अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ । व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरु प्रशस्तै देखिन्छ । उनीहरूको कामको कुनै समय नै हुँदैन । सधैँ तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ । यसले गर्दा पछि गएर हृदयाघात, पक्षघात जस्ता भयानक समस्या भोग्नुपर्दछ । धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन् ।

### डाक्टरसंग नियमित 'फलोअप' नगर्ने बानी

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन् । कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएको जस्ता कुराहरू गर्छन् ।

माथि भनिएजस्तै उच्च रक्तचाप आफैँले शरीरका विभिन्न अङ्गहरूमा असर पुर्‍याइरहेको हुन्छ । त्यसमाथि नियमित औषधि खानेहरूलाई औषधिको साइडइफेक्ट पनि हुनसक्ने सम्भावना रहन्छ । आफूलाई केही गाह्रो नभए पनि डाक्टरसँग नियमित कम्तीमा छ महिनामा एकचोटि चेकजाँच गराउने गरेमा शरीरमा कुनै किसिमको हानिनोक्सानी हुन लागेको भएमा तुरन्तै पत्ता लाग्छ र भविष्यमा हुनसक्ने क्षतिबाट जोगिन सकिन्छ ।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घ्यूकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन् । यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुपर्‍यो । माथि उल्लेखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन । तर यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ ।

### गुगल गर्ने बानी

एउटा वर्गको मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ । यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ । कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन । अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैँलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुने जस्ता समस्या पनि भएको पाइएको छ । इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ । कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ । हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ ।

उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ । साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ ।

(वरिष्ठ मुटुरोग विशेषज्ञ डा श्रेष्ठ ग्रान्डी अन्तरराष्ट्रिय अस्पतालमा कार्यरत हुनुहुन्छ ।)

# संसदीय सर्वोच्चतामाथि प्रधानमन्त्रीको अनुदार प्रहार



श्रीराम श्रेष्ठ

नेपालको संसदीय इतिहासमा हालैका दिनहरूमा विकास भएका राजनीतिक परिदृश्यहरूले लोकतन्त्रको भविष्यमाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएका छन् । विशेषगरी, मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' ले संसद्को सर्वोच्चता र गरिमालाई बेवास्ता गर्दै प्रदर्शन गरेका व्यवहारहरूले लोकतान्त्रिक मूल्य-मान्यताको धज्जी उडाएका छन् ।

राष्ट्रपतिले संसद्को संयुक्त सदनमा सरकारको वार्षिक नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बीचमै उठेर बाहिरिनु कुनै सामान्य राजनीतिक घटना मात्र थिएन। यो राजकीय मर्यादाको उल्लङ्घन र संसद्प्रतिको चरम उपेक्षा हो। राष्ट्रपतिजस्तो सम्मानित संस्थाले सरकारको मार्गचित्र प्रस्तुत गरिरहँदा त्यसको प्रस्तावक स्वयं प्रधानमन्त्रीले देखाएको यो गैरजिम्मेवारपनले संसदीय प्रणालीको आत्मामाथि नै प्रहार गरेको छ ।

यति मात्र होइन, नीति तथा कार्यक्रममाथि छलफलका लागि प्रस्ताव प्रस्तुत गर्ने समयमा प्रधानमन्त्री बालेन्द्र शाह उपस्थित नभएपछि बुधबार संसद्मा हङ्गामा भयो र संसद् चल्न सकेन । भोलिपल्ट बिहीबारको बैठकमा पनि प्रधानमन्त्रीको खोजी भयो तर उनको उपस्थितिबिना नै नीति तथा कार्यक्रममाथिको छलफल अगाडि बढाइयो ।

संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनुपर्छ। तर, नीति तथा कार्यक्रमजस्तो महत्त्वपूर्ण प्रस्तावमाथिको छलफलमा समेत बालेनले अर्थमन्त्रीलाई 'वारेस' तोक्नुले संसद्प्रति उनी जवाफदेही नभएको देखिन्छ । विपक्षी दलले पनि यही आरोप लगाएका छन्। संसद् भनेको केवल इँटा र सिमेन्टले बनेको भवन मात्र होइन, यो त सार्वभौमसत्तासम्पन्न जनताको आवाज मुखरित हुने थलो हो ।

यहाँ गरिने प्रत्येक गतिविधिले राष्ट्रको छवि र राजनीतिक संस्कृतिको प्रतिनिधित्व गर्छ। तर, प्रधानमन्त्रीको यस्तो व्यवहारले नेपालको संसदीय परिपाटीलाई गिज्याइरहेको महसुस हुन्छ ।

संसदीय प्रणालीमा कार्यपालिका संसद्प्रति पूर्ण रूपमा उत्तरदायी हुनुपर्छ। नीति तथा कार्यक्रममाथि हुने छलफल र त्यहाँ उठ्ने प्रश्नहरूको जवाफ दिनु प्रधानमन्त्रीको संवैधानिक र नैतिक दायित्व हो । तर, आफ्नो जवाफदेहिताबाट पन्छिँदै संसद्मा उपस्थित नहुनुले प्रधानमन्त्रीमा बढ्दै गएको स्वेच्छाचारी चरित्रलाई उजागर गर्छ ।

विपक्षी दलहरूले यस विषयमा आपत्ति जनाउँदै बैठक बहिष्कार गर्नु स्वाभाविक प्रतिक्रिया हो, किनकि प्रतिपक्षको उपस्थितिले मात्र संसद्लाई जीवन्त बनाउँछ र सरकारलाई जनउत्तरदायी रहन बाध्य पार्छ। जब सरकार प्रमुख नै संसद्को सामना गर्न डराउँछन् वा त्यसलाई अनावश्यक झन्झट ठान्छन्, तब लोकतन्त्रको आधारभूत खम्बा हल्लिन थाल छ।

संसद्लाई छल्ने र जनप्रतिनिधिहरूको प्रश्नबाट भाग्ने प्रवृत्तिले अन्ततः अधिनायकवादलाई नै मलजल पुर्‍याउँछ । प्रधानमन्त्रीको यस्तो कदमले संसद्को मानमर्दन मात्र गरेको छैन, बरु आफूलाई निर्वाचित गरेर पठाउने जनताको विश्वासमाथि पनि कुठाराघात गरेको छ ।

यसअघि पनि प्रधानमन्त्रीले पटक-पटक संसद्लाई छलेर अध्यादेशमार्फत शासन सञ्चालन गर्ने जुन शैली अपनाए, त्यसले उनी लोकतान्त्रिक प्रक्रियाभन्दा पनि हुकुमी शासनमा विश्वास गर्छन् भन्ने प्रस्ट पार्छ ।

संसद् चालू रहेको अवस्थामा वा संसद्लाई कामै नदिई अधिवेशन अन्त्य गरेर चोरबाटोबाट ऐन-कानुन ल्याउनु संसदीय लोकतन्त्रको उपहास हो । संसद्मा गहन छलफल र बहस भएर परिमार्जित हुनुपर्ने कानुनहरूलाई मुठीभरका मानिसहरूको स्वार्थमा अध्यादेशमार्फत जारी गर्नुले विधिको शासनको खिल्ली उडाएको छ।यस्तो अभ्यासले संसद्लाई केवल औपचारिकतामा खुम्च्याउँछ र कार्यपालिकालाई अनियन्त्रित शक्तिको प्रयोगको अभ्यास गर्ने बाटो खोलिदिन्छ। लोकतन्त्रमा शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त निकै महत्वपूर्ण हुन्छ, तर प्रधानमन्त्रीले संसद्को अधिकार क्षेत्रमा हस्तक्षेप गर्दै आफ्ना कदमहरूलाई जबर्जस्ती लाद्ने प्रयास गरेका छन्। यसले राज्यका अङ्गहरूबीचको सन्तुलन खलबल्याएको छ ।

संसदीय प्रणाली र प्रचलनका विरुद्ध प्रधानमन्त्रीले देखाएका यस्ता अनुदार कदमहरूले देश र जनताप्रति उनको उदासीनतालाई प्रतिविम्बित गर्छ । जनताका प्रतिनिधिहरूको थलो संसद्प्रतिको यो अनादर वास्तवमा जनताकै अनादर हो। लोकतान्त्रिक पद्धतिमा प्रक्रिया र पद्धति जति महत्त्वपूर्ण हुन्छन्, त्यति नै महत्वपूर्ण पात्रहरूको व्यवहार पनि हुन्छ ।

प्रधानमन्त्रीले देखाएको दम्भ र अहङ्कारले प्रणालीलाई नै कमजोर बनाउँदै लगेको छ। जब शासकले आफूलाई संसद् र कानुनभन्दा माथि ठान्न थाल्छ, तब लोकतन्त्रको सुगन्ध हराउँदै जान्छ र त्यहाँ तानाशाही प्रवृत्तिको उदय हुन्छ ।

नेपालले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्ने समयमा जिम्मेवार पदमा बसेका व्यक्तिबाटै यसरी प्रणालीमाथि प्रहार हुनु दुर्भाग्यपूर्ण छ ।

प्रधानमन्त्रीको यो प्रवृत्तिले भविष्यका लागि पनि गलत नजिर स्थापित गरेको छ। यदि आजको यो व्यवहारलाई सामान्य रूपमा लिइयो भने भोलिका दिनमा अन्य शासकहरूले पनि संसद्लाई यसरी नै उपेक्षा गर्ने साहस गर्नेछन् । संसद्को मर्यादा कायम राख्नु केवल विपक्षी दलको मात्र जिम्मेवारी होइन, यो त विशेषगरी सत्तापक्ष र सरकार प्रमुखको पहिलो कर्तव्य हो। तर, यहाँ त रक्षक नै भक्षकजस्तो देखिएका छन् ।

नीति तथा कार्यक्रममाथिको छलफलमा भाग नलिनु र प्रश्नहरूको सामना गर्नबाट भाग्नुले सरकारसँग स्पष्ट भिजन र तर्क छैन भन्ने कुरालाई पनि पुष्टि गर्छ । जनताका आधारभूत समस्याहरू, देशको आर्थिक अवस्था र सुशासनका सवालमा संसद्मा बहस हुनुपर्नेमा संसद् नै बहिष्कार र उपेक्षाको सिकार हुनुले मुलुक कता जाँदै छ भन्ने चिन्ता बढाएको छ ।

लोकतन्त्र भनेको केवल चुनाव जित्नु र सत्तामा पुग्नु मात्र होइन, यो त निरन्तरको संवाद, सहमति र सहकार्यको प्रक्रिया हो। प्रधानमन्त्रीले विपक्षी दलहरूको आवाजलाई सुन्नुपर्छ र उनीहरूले उठाएका जायज मागहरूलाई सम्बोधन गर्नुपर्छ । संसद्लाई पङ्गु बनाएर वा यसलाई छलेर गरिने शासनले दीर्घकालीन वैधता पाउन सक्दैन।प्रधानमन्त्रीले बुझ्नुपर्छ कि उनी संसद्कै कारण त्यो पदमा पुगेका हुन् र संसद्कै विश्वासले त्यहाँ टिकिरहेका छन् । त्यसैले, जुन जगमा उनी उभिएका छन्, त्यही जगलाई खियाउने काम उनले गर्नु हुँदैन। संसद्प्रतिको अनुदार सोचले लोकतान्त्रिक संस्थाहरूलाई धराशायी बनाउँछ, जसको प्रत्यक्ष असर देशको विकास र स्थिरतामा पर्ने निश्चित छ ।

अहिलेको परिस्थितिमा नागरिक समाज, बौद्धिक वर्ग र सञ्चार जगत्ले पनि यस्ता गैरसंसदीय क्रियाकलापका विरुद्ध आवाज उठाउनु आवश्यक छ। प्रधानमन्त्रीका कदमहरूले लोकतान्त्रिक प्रणालीलाई कसरी कमजोर बनाउँदै छन् भन्ने कुराको गहिरो विश्लेषण हुनु जरुरी छ । एउटा व्यक्तिको सनक वा अहङ्कारका कारण सिङ्गो व्यवस्था नै बदनाम हुनु हुँदैन ।

संसदीय प्रणालीमा देखिने सानातिना छिद्रहरूलाई टाल्दै यसलाई अझ सुदृढ बनाउनुको साटो प्रधानमन्त्री आफैँले यसलाई भत्काउन खोज्नु अत्यन्तै खेदजनक छ। देश र जनताको हितमा काम गर्ने शपथ खाएका व्यक्तिले संसद्जस्तो गरिमामय संस्थाको अपमान गर्नु भनेको लोकतन्त्रको उपहास हो ।

अन्त्यमा, प्रधानमन्त्री बालेन्द्र शाहले देखाएका पछिल्ला क्रियाकलापहरूले नेपालको राजनीतिक संस्कारलाई निकै तल्लो स्तरमा झारेका छन् । राष्ट्रपतिको सम्बोधन चलिरहँदा संसद् छोड्नु, संसद्मा जवाफदेहिता नदेखाउनु र अध्यादेशमार्फत शासन चलाउन खोज्नुजस्ता कार्यहरूले उनलाई एक अनुदार र स्वेच्छाचारी शासकका रूपमा चित्रित गरेको छ ।

यस्ता कदमहरूले लोकतन्त्रको आधारभूत मर्ममाथि प्रहार गरेका छन् र जनतामा व्यवस्थाप्रति नै वितृष्णा पैदा गर्ने जोखिम बढाएका छन् । यदि प्रधानमन्त्रीले आफ्नो शैलीमा सुधार ल्याएनन् र संसद्को सर्वोच्चतालाई स्वीकार गरेनन् भने, यसले मुलुकलाई थप अस्थिरता र संवैधानिक सङ्कटतर्फ धकेल्ने निश्चित छ ।

लोकतन्त्रको जगेर्नाका लागि संसद्को सम्मान, विधिको शासन र उत्तरदायी नेतृत्व अनिवार्य सर्त हुन् । यी सर्तहरूलाई लत्याएर गरिने कुनै पनि अभ्यासले अन्ततः प्रणालीलाई नै ध्वस्त पार्नेछ। त्यसैले, समयमै सचेत भएर संसदीय मर्यादाको पुनःस्थापना र लोकतान्त्रिक आचरणको प्रदर्शन गर्नु नै आजको प्रमुख आवश्यकता हो ।

जनताले हेरिरहेका छन् र इतिहासले यस्ता हरेक कदमको कठोर मूल्याङ्कन गर्ने नै छ । संसद्प्रतिको यो निर्मम प्रहारलाई लोकतन्त्रप्रेमी नेपाली जनताले कहिल्यै बिर्सने छैनन् र यसको मूल्य भविष्यमा राजनीतिले चुकाउनुपर्ने हुन सक्छ । लोकतन्त्रलाई जीवित राख्नका लागि संसद्लाई जीवन्त र सम्मानित बनाउनुको विकल्प छैन । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# कांग्रेस नीति प्रतिष्ठानद्वारा बाह्र उपसमिति गठन



काठमाण्डु । नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको नीतिगत सुधार र सामाजिक मुद्दामा काम गर्न १२ उपसमिति गठन गरेको छ ।

पार्टी उपसभापति एवम् प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले पार्टीको नीतिगत सुधार र सामाजिक मुद्दामा काम गर्न आज १२ उपसमिति गठन गर्नुभएको हो ।

उहाँले भूमि व्यवस्था विशेष अभियान उपसमितिमा डा गोपाल दहित (सुकुमवासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन समाधानका लागि), विपद् व्यवस्थापन उपसमितिमा मानबहादुर थापा (पूर्वतयारी, उद्धार र पुनर्स्थापनाका लागि), मानसिक स्वास्थ्य सचेतना उपसमितिमा मोहना अन्सारीलाई जिम्मेवारी दिनुभएको छ ।

यसैगरी, सूचना, प्रविधि तथा डिजिटल सुशासन उपसमितिमा ई. दीपेश विष्ट, निर्वाचन प्रणाली सुधार उपसमितिमा जनक चटौत, पूर्वाधार विकास अवधारणा उपसमितिमा ई. अमृत ज्ञवाली, उद्यमशीलता, नवप्रवर्तन र रोजगार उपसमितिमा खगेन्द्र आचार्य र शिक्षा र शिक्षालय नीति उपसमितिमा डा कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिइएको छ ।

यसैगरी, बिपी ज्ञान केन्द्र उपसमितिमा प्रकाश लामिछाने, जातीय विभेदविरुद्ध सचेतना उपसमितिमा एलिजा ढकाल, डिजिटल सचेतना तथा तथ्य जाँच उपसमितिमा प्रकृति भट्टराई र ग्रिन टेबल उपसमितिमा कञ्चन झालाई जिम्मेवारी दिइएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो ।

उहाँले आन्तरिक आचारसंहिता निर्माणका लागि उपप्रमुख मधु आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्नुभएको छ । रासस

# एमालेमा फेरि 'विद्याको चर्चा'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको चर्चा चुलिएको छ । यससँगै उनको पार्टी सदस्यता नवीकरण गर्ने निर्णय भएको छ ।

सोमबार बसेको एमाले सचिवालय बैठकले भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय गरेको हो। उपमहासचिव लेखराज भट्टले भण्डारीको सदस्यता नवीकरण गरेको जानकारी दिए । यो निर्णयपछि नेपाली राजनीतिमा नयाँ बहस थालिएको छ ।

एमालेको यो निर्णयसँगै एमालेभित्रको शक्ति सन्तुलन, नेतृत्वको भविष्य र संवैधानिक मर्यादासम्बन्धी प्रश्न फेरि चर्चामा आएका छन् ।

एमालेका लागि यो केवल 'सदस्यता नवीकरण' को प्रशासनिक निर्णय मात्र होइन, राजनीतिक सन्देश पनि हो। तर यो निर्णय अहिले किन गरियो भन्ने विषयमा एमाले वृत्तमा पेचिलो प्रश्न बनेको छ ।

पूर्व राष्ट्रपति भण्डारी सक्रिय राजनीतिबाट अलग बसेको लामो समय भइसकेको छ । राष्ट्रपतिको पदमा रहँदा उनले संविधानको संरक्षक र दलभन्दा माथिको भूमिकामा आफूलाई प्रस्तुत गर्नुपर्ने थियो । तर कार्यकालभर उनले एमालेसँगको निकटता तोड्न नसकेको आरोप विपक्षी दल र आलोचकहरूले लगाउँदै आएका थिए । त्यसैले राष्ट्रपतिबाट बाहिरिएपछि पुनः एमाले सदस्यतामा फर्किनु स्वाभाविक राजनीतिक प्रक्रिया भए पनि त्यसको समय चयनले अनेक अर्थ बोकेको विश्लेषण हुन थालेको छ ।

एमालेभित्र अध्यक्ष केपी शर्मा ओली को नेतृत्वलाई चुनौती दिने औपचारिक शक्ति अहिले देखिँदैन। तर पार्टीभित्र उत्तराधिकारी बहस भने चुपचाप चलिरहेको छ ।



त्यस्तो अवस्थामा भण्डारीको सदस्यता नवीकरणलाई धेरैले 'भावी शक्ति समीकरण' सँग जोडेर हेरेका छन् । एमालेभित्र एकथरीले उनलाई सम्भावित अभिभावकीय वा वैकल्पिक केन्द्रका रूपमा हेर्ने गरेका छन् भने अर्को पक्षले यसलाई ओली नेतृत्वलाई थप वैधता दिने रणनीतिका रूपमा व्याख्या गरिरहेको छ ।

यही कारण सदस्यता नवीकरणको निर्णयले संगठनात्मकभन्दा बढी राजनीतिक अर्थ ग्रहण गरेको छ ।

विवादको अर्को पाटो संवैधानिक नैतिकतासँग जोडिएको छ। नेपालको संविधानले पूर्व राष्ट्रपतिलाई दलगत राजनीतिमा फर्किन स्पष्ट रोक नलगाए पनि राष्ट्रपतिको संस्थालाई निष्पक्ष र पार्टीभन्दा माथि मान्ने राजनीतिक संस्कार अपेक्षित मानिन्छ ।

भण्डारीको सक्रिय दलगत पुनरागमनले त्यो नैतिक बहसलाई फेरि सतहमा ल्याएको छ। विशेषतः उनको राष्ट्रपतिकालमा भएका संसद् विघटन, अध्यादेश र राजनीतिक निर्णयसँग जोडिएका विवाद पुनः स्मरण हुन थालेका छन् ।

एमालेका लागि भने यो निर्णय बहुआयामिक सन्देश हुन सक्छ। एकातिर पार्टीले आफ्ना पुराना नेताप्रति सम्मान देखाएको सन्देश दिन खोजेको छ भने अर्कोतर्फ आगामी राजनीतिक ध्रुवीकरणका लागि भावनात्मक आधार तयार पार्ने प्रयास पनि देखिन्छ ।

भण्डारी अझै एमालेको परम्परागत पंक्तिमा लोकप्रिय चेहरा मानिन्छिन्। विशेषगरी मदन भण्डारीको राजनीतिक विरासतसँग जोडिने भावनात्मक पूँजी एमालेले फेरि उपयोग गर्न खोजेको संकेत यसबाट देखिन्छ ।

सदस्यता नवीकरण सामान्य प्रक्रिया मात्र थियो भने यसलाई यति औपचारिक ढंगले सचिवालय बैठकबाट किन निर्णय गरियो ? र अहिले नै किन सार्वजनिक गरियो भन्ने प्रश्न एमालेले एमालेलाई नै प्रश्न गर्न थालेका छन् ॥

# 'देशको मुख्य राजनीतिक शक्ति कांग्रेस हो'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कांग्रेस देशको मुख्य राजनीतिक शक्ति भएको दाबी गरेका छन् ।

काभ्रेको धुलिखेलमा सोमबार देखि शुरू भएको 'प्रदेश र स्थानीय तह केन्द्रीत प्रदेश स्तरीय भेला' सम्बोधन गर्दै उनले कांग्रेस सबैभन्दा जिम्मेवार शक्ति भएको बताए ।

सभापति थापाले भने, ' कांग्रेस देशको मुख्य राजनीतिक शक्ति हो । हामी सबैभन्दा जिम्मेवार शक्ति हौं,' उनले भने, ' हामीले त्यसरी सोच्नु पर्छ ।'

'भाग्ने सुविधा छैन,' सभापति थापाले भने, 'वा अरू कसैले सम्हाली दिन्छ भनेर ढुक्क भएर सुत्ने सुविधा पनि हामीसँग छैन ।'

सभापति थापाले देश संविधानभन्दा दायाँ-बायाँ जाँदा कांग्रेसले सम्हाल्नु पर्नेमा जोड दिए । 'संविधानभन्दा दायाँ-बायाँ देश जान हुन्न,' उनले भने, 'यसलाई सम्हाल्नु पर्छ हामीले ।

संविधानको 'ट्र्याक'भन्दा दायाँ-बायाँ बरालिँदै सरकारलाई समातेर ट्र्याक राख्ने काम कांग्रेसको भएको सभापति थापाको भनाइ थियो ।

सभापति थापाले भने,




उनले कांग्रेससँग प्रतिक्रिया दिएर भाग्ने सुविधान नभएको पनि बताए । अरू कसैले सम्हाली दिन्छ भनेर ढुक्क भएर सुत्ने सुविधा पनि कांग्रेससँग नभएको उनको भनाइ थियो ।

'हामीसँग प्रतिक्रिया दिएर 'सरकार कहिलेकाँही संख्याको आधारमा बरालिने सम्भावना रहन्छ,' उनले अघि थप्दैं भने, 'संविधानको ट्र्याकभन्दा दायाँ-बायाँ सरकार बरालिँदै गर्दा च्याप्प समातेर ट्र्याक राख्ने काम हाम्रो हो ।

# प्रचण्ड सरकारको कार्यक्रम ल्याउँदा वर्षमानले दिए सरकारलाई धन्यवाद

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्ना संयोजक पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा समावेश गरेका कार्यक्रमका महत्वपूर्ण हिस्सा वर्तमान अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अघि सारेका बजेटका सिद्धान्त र प्राथमिकतामा समावेश गरेको भन्दै सरकारलाई धन्यवाद दिएको छ ।

नेकपा नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले सोमबार प्रतिनिधिसभा बैठकमा बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै आफ्नो सरकारका राम्रा कार्यक्रमलाई अघि बढाएकामा धन्यवाद दिएका हुन् ।

रास्वपा समेत सहभागी प्रचण्ड सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा समावेश गरेको सुशासन, आर्थिक सुधारको नयाँ चरण, अर्थतन्त्रको पुनरसंरचना, उत्पादन, रोजगारीमुखी अर्थतन्त्रको निर्माण जस्ता विषयहरुमा स्पष्ट सिद्धान्त, लक्ष्य तथा प्राथमिकता अघि सारेको बताए ।

अहिले अर्थमन्त्री वाग्लेले बजेटको सिद्धान्त र प्राथमिकतामा फेरि यी महत्त्वपूर्ण विषयहरूलाई अघि बढाएकोमा उनले धन्यवाद दिए । उनले भने, 'सुशासन अन्तर्गत,



सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गरी क्यासलेस, पेपरलेस र फेसलेस बनाउने, उपलब्ध स्रोतसाधनको दक्षतापूर्वक विनियोजन गर्ने, खर्चलाई प्रभावकारी बनाउने, भ्रष्टाचार र चुहावट नियन्त्रण गर्ने जस्ता प्रचण्ड नेतृत्वको सरकारले अघि बढाएका विषयहरु अहिले सिद्धान्त र प्राथमिकतामा सहीरूपमा आएका छन् ।'

तर पूर्वाधारको विकास नहुनु र डिजिटल डिभाइड एकदमै उच्च रहेको परिस्थितिमा सुशासनको लाभांश सबै वर्ग र समुदायले समानरुपमा लिन नसक्ने भएकाले ईगभर्नेन्सका लागि अनिवार्य पूर्वाधार निर्माण र डिजिटल प्रक्रियालाई सबैको पहुँचमा पुऱ्याउने विषय प्राथमिकता बन्नुपर्ने बताए ।

नेता पुनले सरकारले स्वतन्त्र र अधिकारसम्पन्न सम्पत्ति छानबिन आयोग गठन गर्नुपर्नेमा कार्यकारी प्रमुखकै मातहतमा त्यसलाई राखेकामा आपत्ति जनाए ।

त्यसको क्षेत्राधिकारमा केही वर्तमान र केही केही पूर्वपदाधिकारीलाई उन्मुक्ति दिइएकोबाट सरकार छनौटपूर्ण (सेलेक्टिभ) सुशासनको पक्षमा त छैन भन्ने आशंका जन्मिएको बताए ।

पुनले आफू अर्थमन्त्री भएका बेला नयाँ चरणको आर्थिक सुधारका कार्यक्रम अघि सारेको स्मरण गर्दै हालका अर्थमन्त्रीले त्यसलाई अघि बढाउन चाहेमाका धन्यवाद दिए ।

'उदार आर्थिक नीति अवलम्बनपछि सुरुमा त्यसबाट उच्च लाभ हासिल भए पनि पछि दलाल पुँजीवादको विकास भएको, पछिल्लो समयमा त्यसबाट पनि विकृत आसेपासे पुँजीवाद निर्माण भएको र यी दुईटाको फ्युजनबाट आसेपासे दलाल पूँजीवाद, अर्थात् दलाल पनि आफ्नै आसपासका मात्र हुन पाउने अवस्था सिर्जना भएकोले यसलाई सम्बोधन गर्न र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण कार्यलाई अघि बढाउन म अर्थमन्त्री भएको बेला नयाँ चरणको आर्थिक सुधार घोषणा गरिएको थियो,' पुनले भने, ' अहिले प्रस्तुत गरिएको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताले नयाँ चरणको आर्थिक सुधारलाई अघि बढाउन खोजेकोमा हामी स्वागत गर्दछौं । तर, यसको समग्र अन्तर्वस्तु कस्तो रहने भन्नेमा स्पष्टता जरुरी छ ।

# महविरले च्याट जीपीटीलाई सोधे

**टुडे समाचारदाता**

काठमाण्डु । स्वतन्त्र सांसद महविर पुनले नेपालको विद्यमान कर प्रणाली अव्यावहारिक र वैज्ञानिक नभएको भन्दै संसदमै आर्टिफिसियल इन्टेलिजेन्स ' च्याट जीपीटी' को सहारा लिएर सरकारको आलोचना गरेका छन् ।

सोमबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले विकसित मुलुकको तुलनामा नेपालले उद्योगका लागि आवश्यक कच्चा पदार्थमा उच्च कर लगाएर स्वदेशी उत्पादनलाई निरुत्साहित गरेको आरोप लगाए ।

सांसद पुनले संसद्को रोस्टममै उभिएर आफ्नो मोबाइल झिक्दै आफूले भर्खरै 'च्याट जीपीटी' सँग सोधेको प्रश्न र त्यसको उत्तर सुनाएका थिए ।

उनले भने, 'मैले भर्खरै च्याट जीपीटीलाई सोधेको थिएँ, के विकसित देशहरूले उद्योगका लागि चाहिने कच्चा पदार्थ आयात गर्दा कर लगाउँछन् ? उत्तर आयो- लगाउँदैनन् ।'

पुनले सरकारको नीतिका कारण नेपालमा सामान उत्पादन गर्नुभन्दा विदेशबाट ल्याउनु सस्तो पर्ने स्थिति रहेको बताए ।

आफूलेचलाइरहेकोवीरगन्जस्थित



कृषि औजार कारखानाको उदाहरण दिँदै उनले भने, 'कच्चा पदार्थ ल्याउँदा हामीले ठूलो कर तिर्नुपर्छ, जसले सामान महँगो बनाउँछ । तर, उताबाट बनीबनाउ कृषि औजार ल्याउँदा कर लाग्दैन। यो कस्तो नीति हो ?'

यस्तो विभेदकारी व्यवस्थाले गर्दा स्वदेशी उद्योगहरू प्रतिस्पर्धी हुन नसकेको र नेपालको औद्योगिकीकरणमा बाधा पुगेको उनको तर्क थियो। पुनले आफू उद्योगपति नभई एउटा समाजसेवी भएको तर कारखाना चलाउन थालेपछि ' नक्कली उद्योगपति' जस्तो देखिनु परेको सुनाए ।

सांसद पुनले नेपालमा आविष्कार र बौद्धिक सम्पत्तिको संरक्षणमा सरकारले चासो नदिएको गुनासो गरे । नेपालमा 'पेटेन्ट अफिस' नाम मात्रको रहेको र यसले प्रभावकारी रूपमा काम नगरेको उनको दाबी छ ।

'नेपाली आविष्कारकहरूले आफ्नो सिर्जना दर्ता गर्न भारत वा अन्य देश धाउनुपर्ने बाध्यता छ,' उनले भने, 'विदेशमा रहेका गैरआवासीय नेपालीहरूले पनि नेपालमा राम्रो पेटेन्ट अफिस भए आफ्ना आविष्कार यहाँ दर्ता गर्ने बताएका छन्, तर यहाँ त्यसको कुनै व्यवस्था छैन ।'

पुनले अनुसन्धान, नवप्रवर्तन र स्टार्टअपका लागि कुल पुँजीगत खर्चको १ प्रतिशत बजेट छुट्याउनुपर्ने आफ्नो पुरानो माग पुनः दोहोऱ्याए ।

उनले अनुसन्धान एक-दुई वर्षमा नसकिने भएकाले यसका लागि बहुवर्षीय बजेटको व्यवस्था गर्नुपर्ने सुझाएका छन् ।

# प्रतिनिधिसभाः सुकुमवासी समस्या समाधान गर्ने गरी बजेट ल्याउन माग

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले विसं २०४८ पछि १८ वटा सुकुमवासीका समस्या समाधान गर्न आयोग गठन गरे पनि सुकुमवासी समस्या समाधान हुन नसकेकाले आगामी आर्थिक वर्षको बजेटमार्फत दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिनुभएको छ ।

आइतबारको बैठकमा आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा भाग लिँदै सांसदहरूले आगामी आर्थिक वर्षको बजेटमार्फत सुकुमवासीका समस्या समाधान गर्नेगरी प्राथमिकता दिएर अघि बढ्नुपर्नेमा जोड दिनुभएको हो ।

छलफलमा सहभागी सांसदहरूले भूमि आयोग कार्यकर्ता भर्ती गर्ने केन्द्र बन्ननहुने बताउनुभयो । उहाँहरूले हालसम्मसुकुमवासीका समस्या समाधान गर्न आयोग गठन गर्दा रु नौ अर्ब खर्च भइसके पनि समस्या समाधान हुन नसकेकाले बजेटमार्फत समाधान खोज्न सरकारसँग आग्रह गर्नुभयो ।

सांसद यज्ञमणि न्यौपानेले सुकुमवासी समस्या समाधान गर्न १८ वटा आयोग गठन भएका जनाउँदै त्यसले रु नौ अर्ब खर्च गरेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको बताउनुभयो। यति गर्दा पनि समस्या अझै नसकिएको उहाँले उल्लेख गर्नुभयो ।

सर्वोच्च अदालत र न्यायलयलाई छुट्टै बजेट दिनुपर्ने भन्दै सांसद न्यौपानेले सर्वोच्च अदालतले बजेटका लागि सरकारतर्फ फर्कंदा न्यायपालिका स्वतन्त्र बन्न नसकेको धारणा राख्नुभयो । न्यायाधीशको सम्पत्ति सार्वजनिक भए मात्र न्याय स्वच्छ र स्वतन्त्र हुने उहाँको भनाइ छ ।

सांसद सन्तोष सुब्बाले सीमा विवाद, सीमा पूर्वाधारलगायत विषयमा सरकार स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमामा रु एक सयको सामानमा पनि कर लगाइँदा आमनागरिकलाई सास्ती भइरहेको बताउनुभयो । डायस्पोरा साझेदारी कार्यक्रम सकारात्मक रहेको उहाँले बताउनुभयो ।

सांसद दीपककुमार साहले सुरु भएको १६ वर्ष बित्दा हुलाकी राजमार्ग ७४ प्रतिशत मात्र बनेकाले यसलाई पूरा हुने गरी प्राथमिकतामा राख्न माग गर्नुभयो । सांसद सीता थपलियाले विदेशमै भविष्य छ भनी जानेहरू बढेकाले त्यसलाई रोक्ने गरी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा कार्यक्रम नआएको बताउनुभयो ।रासस

# राष्ट्रियसभामा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा जारी छ ।

सांसद नारायणदत्त मिश्रले कृषि क्षेत्रलाई प्राथमिकता दिने भनिएता पनि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा कुनै ठोस योजना नआएको र बहुआयामिक कृषिमा जोड दिनुपर्ने सुझाव दिनुभयो ।

सांसद झक्कुप्रसाद सुवेदीले युवालाई स्वेदशमा रोजगार दिने केही पनि योजना नदेखिएको र शिक्षा तथा स्वास्थ्य क्षेत्र नीजि क्षेत्रलाई दिएर सहजीकरण गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा देखिएको भनाई राख्नुभयो ।

सांसद प्रेमप्रसाद दङ्गालले अर्थतन्त्र उत्पादनमुखी बनाउनुपर्ने जरुरी भएको र बजारमा मूल्यवृद्धि कम गर्नका लागि मुलुकको अर्थतन्त्रलाई सुधार गर्नुपर्ने सुझाव दिनुभयो । सांसद पूजा चौधरीले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा चुरे क्षेत्र संरक्षणको विषयमा केही नआएको र चुरे दोहनका कारण मधेस-प्रदेश पूरै सुक्खा भएकाले यसतर्फ सरकारको ध्यानकर्षण गराउनुभयो ।

सांसद तुलप्रसाद विश्वकर्माले प्राकृतिक सुन्दरता नेपालीको पहिचान



बनाएर नेपालको आर्थिक विकासको ढोका खोल्न सुझाव दिनुभयो । सांसद खम्मबहादुर खातीले जनतालाई खुसी बनाउनका लागि कर घटाउनुपर्ने र ३९ किसिमको कार नागरिकले तिरेको भए पनि खर्चको विवेचना गरेको नदेखिएको बताउनुभयो । उहाँले सरकारले जनतालाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्ने सुझाव दिनुभयो ।

सांसद नरबहादुर विष्टले सहमति, सहकार्य र समन्वय गरेर राष्ट्रको उन्नति गर्ने खालको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता हुँदा उपयुक्त हुने भनाइ राख्नुभयो ।

सांसद रामकुमारी झाँक्रीले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा उद्योग, कृषि, पर्यटनजस्ता विषयलाई समेटेर रोजगारी तथा आर्थिक उपार्जनमा सरकारले ध्यान दिन सुझाव दिनुभयो । सांसद जगत तिमिल्सिनाले निजी क्षेत्रको आत्मविश्वास बढाएर उद्यमशीलतालाई प्राथमिकतामा राख्दै राज्य नीति र बजेटमा स्पष्ट भएर विकास निर्माणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले संविधानले समाजवाद उन्मुखको परिकल्पना गरेको भए पनि सरकारले अर्थतन्त्रको पुनः संरचना गरी ग्रामीण अर्थतन्त्र विकास गर्न जल, जङ्गल र जडिबुटीमा स्थानीय जनतालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सम्झना देवकोटाले योगदानमा आधारित सामाजिक सुरक्षामा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा ध्यान नदिएको उल्लेख गर्दै सुधारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद गीता देवकोटाले संरचना विस्तार मात्रै नभई गुणस्तरीय शिक्षा र स्वास्थ्य, स्वास्थ्य बिमा कार्यक्रमको निरन्तरता दिनुपर्ने र शिक्षामा रोजगारी जोड्न सुझाव दिनुभयो । सांसद राजेन्द्र लक्ष्मी गैरेले वैदेशिक रोजगारीमा आएका युवालाई रोजगारीका साथै नेपालमै बस्ने नेपाली युवालाई सरकारले ध्यान दिएर युवा लक्षित कार्यक्रम ल्याउन सुझाव दिनुभयो ।

सांसद मीनासिंह रखालले समृद्ध नेपाल ठूला संरचना बनाउँदैमा नहुने जनाउँदै नागरिकको जीवनस्तरमा सुधार आउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद भुवनबहादुर सुनारले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने र भूमीहीनलाई विशेष पहिचान गरी उचित व्यवस्थापन गर्न सुझाव दिनुभयो ।

सांसद गोमादेवी तिमल्सिनाले विस्तापित सुकुमवासीको उचित शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गर्दै बालबालिकाको शिक्षामा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा गरिबीको रेखामुनि रहेका वर्गलाई ध्यान दिनुपर्ने र आर्थिक रुपमा विपन्नलाई सरकारले बढी ध्यान दिनुपर्ने सुझाव दिनुभयो । सांसद रेनु चन्दले महिलाहरू विचार राखेकै भरमा ज्यान मार्ने धम्की, बलात्कारको धम्की दिने जस्ता डिजिटल हिंसाबाट आक्रान्त भएको हुँदा सरकारले त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) सभामा छलफल आजलाई सकिएको छ । राष्ट्रियसभाको यही जेठ ५ गते १ :१५ बजे बस्ने बैठकमा पुनः छलफल हुनेछ ।

बैठकमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपति कार्यालयबाट मन्त्रिपषिद्को गठनसम्बन्धी पत्र पढेर सुनाउनुभएको थियो । अध्यक्ष दाहालले कार्यव्यवस्था परामर्श समितिमा सांसदहरुको नाम मनोनयनका लागि सांसदहरुमा पदमबहादुर परियार, मदनकुमारी साह गरिमा, रोशनी मेचे र मोहम्मद खालिदको नाम प्रस्ताव गर्नुभयो । बैठकले उक्त नाममा सहमति जनाएको थियो । रासस

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, लहान, सिरहाको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम :कृ.बि.बैंक लि. शाखा कार्यालय. लहान, सिरहा**

| क्र.सं. | ग्राहक आईडी | ग्राहक नाम | प्रोपाइटरको नाम | बाबुको नाम | हजुरबुबा/ श्रीमानको नाम | ठेगाना | कर्जाको शीर्षक | मिसिल नं. | कुल कर्जा | कुल ब्याज | २०८३/१/३१ सम्म जम्मा तिर्नुपर्ने जम्मा रकम | फोन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १००६४३५ | गुलाब वती यादवनी | | केशावर यादव | जीवाछ यादव (श्रीमान) | भवानीपुर कलाबञ्जर-५, सिराहा | सरल कृषि कर्जा | १२१२६ | ८३१३० | ६९०७ | ९००३७ | ९८०४७५२२८३ |
| २ | ५३६३०० | राजु साह | | मक्सुदन प्रसाद साह सुदी | डोरिका प्रसाद चौधरी | लहान नगरपालिका-०२ | सरल कृषि/ ओभरड्राफ्टः व्यक्तिगत कर्जा | ११६८५ | ४५००००० | ७५५१२४ | ५२५५१२४ | ९८१५७२२२११ |
| ३ | ३०५४९२७ | आर.पी. माछा फार्म | राम प्रसाद चौधरी | भुपन चौधरी | छोटी चौधरी | धनगढीमाई-०४, सन्तानगर | सरल कृषि कर्जा/माछा पालन कर्जा | १३४०१ | ३८३०७६९ | ५०३३५४ | ४३३४१२३ | ९८४२८४१५०३ |
| ४ | ५२९७०१ | बजरंगबली महाबीर कन्स्ट्रक्सन | पवन रेखा | देव नारायण शाह | राजेन्द्र प्रसाद शाह (श्रीमान) | लहान-०७ | ओभरड्राफ्टः संस्थागत/ग्यारेन्टी दाबी कर्जा | ६० | ३३०५०५१ | ७२८९१८ | ४०३३९६९ | ९८४२८५०८२३ |
| ५ | १०१३६६४ | श्री सलहेश एग्रीकल्चर फर्म एण्ड रिसर्च सेन्टर | अधिक लाल यादव | रश्लाल यादव | सोने लाल यादव | लहान-०१ | सरल कृषि कर्जा /माछा पालन कर्जा | १२१४९ | २९७१२१० | ३५६५०३ | ३३२७७१३ | ९८०७७१५२०८ |
| ६ | ५४४८४७६ | नया उद्यमी कृषि माछा कुखुरा फर्म | बिन्दा कुमारी यादव | रामप्रीत यादव | जियालाल यादव | लहान-१३ | माछा पालन कर्जा | १३७२० | २९१३९६७ | २७५९०८ | ३१८९८७५ | ९८२७७१२४९२ |
| ७ | ५३९७०७० | शिव कुमारी किराना पसल | शिव कुमारी राय | रामेश्वर राय अमात | राम दयाल राय अमात (श्रीमान) | साखुवा नानकारकट्टी-०१, माउवाही | व्यवसाय कर्जा | १३६३८ | २९०८५९४ | ४१७०४८ | ३३२५६४२ | ९८४१५१२४५३ |
| ८ | ३०४७४०७ | जय बम्भोले कन्स्ट्रक्सन एण्ड डीप बोर्डिङ प्रा.लि. | कोमल कुमारी सिंह | युगल किशोर सिंह | अक्ष्य सिंह | धनगढीमाई नगरपालिका-०६ | ओभरड्राफ्टः संस्थागत कर्जा | १३३५२ | २७८५६३८ | २२९३९३ | ३०१५०३१ | ९८१७८०९७२२ |
| ९ | ३०४८०८२ | जय मा हजारी एन्टरप्राइजेज | पिन्टु कुमार यादव | चित्रञ्जन यादव | जगदीश नारायण यादव | नवराजपुर गाउँपालिका-०४ | व्यवसाय कर्जा | १३३४८ | २६७२१०१ | ३५६३१६ | ३०२८४१७ | ९८०३५६७३२८ |
| १० | ७०६४०८ | बेचन यादव | | रश्लाल यादव | किसुन बती यादव (श्रीमान) | लहान नगरपालिका-२३ गढिया | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | ९९१५ | २६१५००० | ३१५३२४ | २९३०३२४ | ९८०७७११६९२ |
| ११ | ५४५८५६५ | हरि नारायण यादव | | राम प्रसाद यादव | महान्थी यादव | नवराजपुर-०१, भगवतीपुर | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | १३८५९ | २४८८८९५ | १३७६६२ | २६२६५५७ | ९८२६७१८३६९ |
| १२ | ३०६०३४१ | मा हजारी ट्रेडर्स | उमेश कुमार यादव | रामजी यादव | मनि लाल यादव | लहान-०३ | व्यवसाय कर्जा | १३५१७ | २४३१२९५ | १३८९८१ | २५७०२७६ | ९८०२०१३७२३ |
| १३ | ३०६६८४७ | सस्तो टेलर्स लघु उद्योग | रिंकु कुमारी यादव | सत्यदेव यादव | राधा यादव | लहान न.पा. ०१ | व्यवसाय कर्जा | ३०६६८४ | २११०००० | ३७९१०८ | २४८९१०८ | ९८०५९३०१४४ |
| १४ | ३०४५३९४ | उत्तम पशु तथा कृषि फर्म | रीना देवी राय | योगेन्द्र प्रसाद राय | जानक राय | धनगढीमाई न.पा.-०३ | सरल कृषि कर्जा/माछा पालन कर्जा | १३३६३ | २०५७६६६ | ३३५९९८ | २३९३६६४ | ९८०७७६१७३३ |
| १५ | ५२०२९८१ | कृष्णा फर्निचर तथा स मिल | दुखानी देवी ठाकुर | सगम ठाकुर | भक्त ठाकुर | सुखीपुर न.पा.-०५ | उद्योग कर्जा | १३३२८ | २०००००० | ३४६०२७ | २३४६०२७ | ९७४५४८४०१० |
| १६ | ५४१४०३३ | सुरेन्द्र प्रसाद यादव | | हरे राम यादव | मुनि लाल यादव | नवराजपुर-०१ तमसुइया | सरल कृषि कर्जा | १३७८९ | २०००००० | २३२०६८ | २२३२०६८ | ९८४२८२९१९८ |
| १७ | ३०५४५९९ | जय मा जल्पा किराना पसल | अभिनाश कुमार यादव | सञ्जय कुमार यादव | सूर्यनाथ यादव | नवराजपुर-०५, झाझपाटी | व्यवसाय कर्जा | १३३८३ | १९९९९६२ | २६६७७६ | २२६६७३८ | ९७०३६६०९६७ |
| १८ | ५१९६३६८ | ए एण्ड ए जनरल स्टोर्स | अनुराधा कुमारी यादव | पशुपति यादव | चन्द्र शेखर यादव (श्रीमान) | धनगढीमाई-०८, कशाहा | व्यवसाय कर्जा | १३२९८ | १९५१०२५ | २२२३८६ | २१७३४११ | ९८१५७६५८२२ |
| १९ | ३०५६०४३ | मञ्जुश्री पशुपालन फार्म | मञ्जुला राय | राम शोभित राय | श्रीमानराम राय (श्रीमान) | बरियापट्टी-०२, जानकी नगर | सरल कृषि कर्जा | १३३९८ | १९११५८६ | २५७९०१ | २१६९४८७ | ९८१९९१९६६१ |
| २० | ५३१७९४० | सन्तोष टेलर्स | जानकी परियार | शोभा दमाई | सन्तोष कुमार परियार (श्रीमान) | धनगढीमाई-१० | व्यवसाय कर्जा | १३४०८ | १९००००० | ३६५८७५ | २२६५८७५ | ९८१५७३३४९५ |
| २१ | १६५५८२१ | डम्बर कुमार यादव | | सीता राम यादव | सहादेव देवी यादव | लहान-१३ घले टोल | सरल कृषि कर्जा | १३४०४ | १८९९५४८ | ३२५५२८ | २२२५०७६ | ९८४५२६०६८० |
| २२ | ५४४९०१९ | श्याम सुन्दर यादव | | असार्फी यादव | पुजी लाल यादव | लक्ष्मीपुर पतारी-०६ सालोखरी | सरल कृषि कर्जा | १३८६० | १८५०४७५ | ११४९२४ | १९६५३९९ | ९८१७७३५१७१ |
| २३ | ३०५४५६४ | तारा कुमारी मगर्नी | | मान बहादुर | तेज कुमार आले | धनगढीमाई-१०, गेरो माइले | सरल कृषि कर्जा | १३३८७ | १८३७६८१ | २१४२११ | २०५१८९२ | ९७४४२३९३६५ |
| २४ | ३०५०४०८ | बोलिमाया सुस्लिन मगर | | नीर बहादुर मगर | गम्भीर बहादुर मगर | धनगढीमाई नगरपालिका-११ | सरल कृषि कर्जा | १३३६० | १८३३३३३ | २३६३९९ | २०६९७३२ | ९८२२३४३७७८ |
| २५ | ३०६१४१९ | विन्देश्वर नारायण यादव | | सुरेश्वर नारायण यादव | मोहित नारायण यादव | बरियापट्टी-०१, गडगमा | सरल कृषि कर्जा | १३५३० | १८००००० | १९००८४ | १९९००८४ | ९८११७१८८३४ |
| २६ | ३०३७५७८ | श्रीजी शिव अमृत बहुउद्देश्यीय कृषि फर्म | अमीरका देवी मण्डल | श्री सीताराम मण्डल | लक्ष्मण मण्डल (श्रीमान) | लक्ष्मीपुर पतारी-०३, हरिनगर | सरल कृषि कर्जा | १३४४४ | १८००००० | १५८८७० | १९५८८७० | ९८०७७३३४६६ |
| २७ | ३०६१३७१ | गोविन कुमार यादव | | रामप्रीत यादव | मुखी यादव | साखुवा नानकारकट्टी-०२, मकरमपुर | सरल कृषि कर्जा | १३५२२ | १७८९४७४ | १५५०५० | १९४४५२४ | ९८२५७४८०२४ |
| २८ | ३०६३२१२ | नरेश माछा पशुपन्छी तथा कृषि फर्म | प्रेम कुमारी दोनुवारनी | झाबर सिंह दोनुवार | जगेश्वर सिंह (श्रीमान) | भगवानपुर-०२, नहरा रिगौल | सरल कृषि कर्जा | ११८२० | १७८०००० | ३७१२९९ | २१५१२९९ | ९८१७७७४१९५ |
| २९ | १७४२८९५ | अधिक लाल यादव | | रश लाल यादव | सोनाई यादव | लहान-२१, कला बञ्जार | जग्गा खरिद कर्जा | १३१२७ | १७५२७६५ | २२९७६५ | १९८२५३० | ९८०७७१५२०८ |
| ३० | ३०६१५२० | मो. दाहुद अन्सारी | | मोकिम मोमिन | नथुनी मिया | सुखीपुर-०५, लंकाहा | सरल कृषि कर्जा | १३६०७ | १७२६०३६ | ३६०६८ | १७६२१०४ | ९८६२४३५४१९ |
| ३१ | ५२९२५१ | मा श्यामा ट्रेडर्स | अनिल कुमार साह | राम देव साह सुदी | हजारी साह | लहान-०१ | व्यवसाय कर्जा | ११७१० | १५१५१८४ | १७९२२२ | १६९४४०६ | ९८०४७९८४०८ |
| ३२ | १०५८८९१ | सृजना फर्निचर उद्योग | राजा राम यादव | गोरी यादव | बाउवेलाल यादव | लहान-०१, थाना चोक | उद्योग कर्जा | ४२८० | १५००००० | १७०६७६ | १६७०६७६ | ९८२६७३६०४७ |
| ३३ | ३०५७०१८ | धीरज पशुपालन तथा कृषि फार्म | महेन्द्र महतो | गौरी महतो | सुकल महतो | धनगढीमाई-०६, सिमरा | सरल कृषि कर्जा अवधि कर्जा | १३६०८ | १४८२७७० | १५१९२२ | १६३४६९२ | ९८४२८४६८०४ |
| ३४ | ३०५१८१५ | जन कल्याण कृषि पशु तथा माछा फर्म | लाल बाबु यादव | सोति लाल यादव | फौदी यादव | साखुवा नानकारकट्टी-०५, कल्याणपुर | माछा पालन कर्जा | १३३८१ | १४५०००० | २४८६६६ | १६९८६६६ | ९८११७५६५०२ |
| ३५ | ५३३४०१ | भरोसी महतो | | जगदेव महतो | उचित महतो | लहान-१३, बस्तीपुर | सरल कृषि कर्जा | १३६३४ | १४२५००० | २५५३३४ | १६८०३३४ | ९८४२८८५३५६ |
| ३६ | ३०५७७५५ | कुसुम कुमारी परियार | | महेन्द्र दमाई | राम प्रसाद परियार | धनगढीमाई न.पा.-११ | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | १३५०५ | १३७७५०० | २५८२८२ | १६३५७८२ | ९८०६३८६०१७ |
| ३७ | ३००९७०० | कौशिला कृषि फर्म | कौशिला देवी यादव | दुखी यादव | असर्फी यादव | घाले-१३, लहान न.पा. | सरल कृषि कर्जा | १३२६२ | १३५७३३३ | १९६२१२ | १५५३५४५ | ९८०४७१३१०१ |
| ३८ | ५४४८६०४ | प्रमेश्वर यादव | | राम चन्द्र यादव | जीवाछ यादव | धनगढीमाई-०५ सिराहा | सरल कृषि कर्जा | १३६६२ | १३५५७४९ | १०३६५९ | १४५९४०८ | ९८१९७१८७४५ |
| ३९ | ३०५७५२९ | प्रदीप कुमार आले मगर | | देव बहादुर आले | लालजोध आले | धनगढीमाई नगरपालिका-११ | सरल कृषि कर्जा | १३४१३ | १३१८५९२ | १४०९०० | १४५९४९२ | ९८२१७२०६६२ |
| ४० | ३०५४१६६ | राम पशुपालन केन्द्र | अशोक कुमार महतो | बाउवे लाल महतो | स्व. गुडरी महतो | धनगढीमाई नगरपालिका-०४ | सरल कृषि कर्जा | १३३७६ | १३०१२१६ | ५३६९९ | १३५४९१५ | ९८१७७८१३२४ |
| ४१ | ५२१८८१९ | मा भवानी पशुपन्छी तथा कृषि फर्म | समुन्द्री देवी यादव | बिलात यादव | दामोदर यादव (श्रीमान) | लहान नगरपालिका-२४ | पशुपालन कर्जा | १३३२० | १३००५४६ | १९४५५३ | १४९५०९९ | ९८०७७८९८४६ |
| ४२ | ५४२८४०१ | राम कुमार यादव | | मोहित नारायण यादव | रामफल यादव | लहान नगरपालिका-०४ | सरल कृषि कर्जा | १३६५० | १२०१५२४ | १००८३७ | १३०२३६१ | ९८२२३७८५१० |
| ४३ | ५३७७०८ | भगवती एग्रोभेट दिनेश प्र. गुप्ता | दिनेश प्रसाद गुप्ता | गिरधार गोपाल | बेचुलाल साह | गाढा वडा नं. ०६ | व्यवसाय कर्जा | ५२८७ | १२००००० | २४७५७१ | १४४७५७१ | ९८०४४४००४५ |
| ४४ | ५३८०४६ | लालदेव साह हलुवाई | | लक्ष्मण साहु हलुवाई | चुनी साहु | भगवानपुर गाउँपालिका-०३ | सरल कृषि कर्जा | १०९१२ | ११७८९०२ | १०८५०६ | १२८७४०८ | ९८१५७१२२७४ |
| ४५ | ७१५०७१ | श्याम प्रसाद साह | | सतदेव साह | कारी साह | लहान नगरपालिका-१४ | सरल कृषि कर्जा | १३४५४ | ११३६८४२ | १३४७१९ | १२७१५६१ | ९८१३४७२१७२ |
| ४६ | ५४१५९४४ | राम केवल महतो | | महेन्द्र महतो | नेकछाद महतो | धनगढीमाई न.पा. ०४ | सरल कृषि कर्जा | १३६७७ | १०६५८५७ | १२९२७५ | ११९५१३२ | ९८२४७५३१६८ |
| ४७ | १०५३१७६ | राजदेव यादव | | अगम लाल यादव | मुनाए यादव | इनरुवा-०६, सिराहा | सरल कृषि कर्जा | १२२०० | १०१०००० | २४९८३४ | १२५९८३४ | ९८०७७३२२७८ |
| ४८ | १०९३०९५ | चन्द्र प्रभा कुमारी यादव | | राम औतार यादव | अधिकलाल यादव | सीतापुर-०१ | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | १२३५३ | १०००००० | ११९४५६ | १११९४५६ | ९८०५९७१०१९ |
| ४९ | ३०२२४९१ | चन्द्रकला देवी साह | | गरुड्याल साह | रामौतार साह | लक्ष्मीपुर पतारी गाउँपालिका-०१ | सरल कृषि कर्जा | १३५३१ | १०००००० | ७८४५३ | १०७८४५३ | ९८१९९०६२१० |
| ५० | १२३८३१४ | श्याम ट्रेडर्स एण्ड सप्लायर्स | श्याम सुन्दर यादव | बिरिदेव यादव | जिनिस यादव | साखुवा नानकारकट्टी-०१, भौर सिराहा | सरल कृषि कर्जा | १२४९३ | १०००००० | १८५२५६ | ११८५२५६ | ९८०५९८०८९१ |
| ५१ | ५४०००५७ | हेम नारायण चौधरी | | छेदो लाल चौधरी | स्व. कोकाई चौधरी | धनगढीमाई-०४ सन्तानगर | सरल कृषि कर्जा | १३८८० | १०००००० | १३६८६० | ११३६८६० | ९८१७७३४८७० |
| ५२ | ३०४०६९४ | इन्द्रेणी पशुपालन केन्द्र | भुपेन्द्र प्रसाद यादव | नेवात यादव | अभडी यादव | लहान-०२, मटियार्बा | सरल कृषि कर्जा | १३३२२ | ९९९९६९ | २४३५८८ | १२४३५५७ | ९८०४७५१४५० |
| ५३ | ५१९७११८ | शिव राम चौधरी | | सोनी लाल चौधरी | पुरन चौधरी | धनगढीमाई न.पा. ०४ | सरल कृषि कर्जा | १३२९१ | ९५२२७३ | १०७७१७ | १०५९९९० | ९८०७७९५४५१ |
| ५४ | ३०६४६५० | चण्डेश्वर ठाकुर बढई | | राजेश्वर ठाकुर बढई | राजलाल ठाकुर बढई | लहान नगरपालिका-१३, सुकर्मपुर | सरल कृषि कर्जा | १३८६२ | ९५०००० | ८६४९१२ | १८१४९१२ | ९८१४७८६७८१ |
| ५५ | १०५४६६४ | धनराज यादव | | जमुन यादव | श्रीलाल यादव | भगवानपुर-०९ | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | १२२१४ | ९५०००० | ८९५८० | १०३९५८० | ९८११७०३४८३ |
| ५६ | ३०४५४१९ | गोविन्द देव यादव | | रामेश्वर यादव | नारायण यादव | सुखीपुर नगरपालिका-०५ | सरल कृषि कर्जा | १३३४५ | ९३०६६८ | १००७९९ | १०३१४६७ | ९८४२९८५४४४ |
| ५७ | ५४७६२४९ | रामी जनरल पसल | रामी साहु तेली | मधु साह | श्री साहु | नवराजपुर गाउँपालिका-०८ | व्यवसाय कर्जा | २४ | ९२९२४० | ७२६८३ | १००१९२३ | ९८२४७७९७८१ |
| ५८ | ५४३८६८९ | राम दिनेश यादव | | कुसुम लाल यादव | बिलात यादव | भगवानपुर गाउँपालिका-०३ | सरल कृषि कर्जा | १३८३६ | ९२५७६१ | ३०२५७ | ९५६०१८ | ९७०२५६९२२५ |
| ५९ | ५४५१९०७ | बजरंगबली किराना पसल | राम सेवक यादव | जयनारायण यादव | रघुवीर यादव | नवराजपुर गाउँपालिका-०५ | व्यवसाय कर्जा | ५ | ९२२५१३ | ६९५२१ | ९९२०३४ | ९८१९९८५४१३ |
| ६० | १८०१२३४ | राम जानकी सप्लायर्स | रीता देवी यादव | जागराम यादव | दया संखर यादव | लहान नगरपालिका-२१ | सहुलियत कर्जा | ११४६८ | ९१५००० | १५१४२७ | १०६६४२७ | ९८६३९७३६८६ |
| ६१ | ३०६४१६२ | प्रमिला कुमारी यादव | | राम सेवक यादव | रश्लाल यादव | नवराजपुर गाउँपालिका-०५ | सरल कृषि कर्जा | १३६४२ | ८९४७३६ | ८६२६४ | ९८१००० | ९८०४७२३९१९ |
| ६२ | १९८६२३७ | श्री यादव पशुपालन फर्म | श्रीदेव यादव | तेजिया यादव | मगाइन यादव | धनगढीमाई नगरपालिका-०१ | पशुपालन कर्जा | १३२०९ | ८३९२२२ | १०१२२६ | ९४०४४८ | ९८०४७४२१६८ |
| ६३ | ५४१२६२० | आशुतोष कुमार यादव | | रामलखन यादव | लक्ष्मण यादव | नवराजपुर गा.पा.-०१ | सरल कृषि कर्जा | १३६६८ | ८००००० | ९५७२८ | ८९५७२८ | ९८०३८७४०९३ |
| ६४ | ५२८९११ | राम दयाल यादव | | कारी यादव | बिलातु यादव | भगवानपुर गाउँपालिका-०३ | घरायसी कर्जा | ५४६५ | ८००००० | १६०२५३ | ९६०२५३ | ९८१९९३१२११ |
| ६५ | ३०५५४८० | मुकुन्दा कुमारी यादवनी | | नसिब लाल यादव | पतासी यादव | नवराजपुर गाउँपालिका-०३ | सरल कृषि कर्जा | १२३१८ | ७९९७५६ | १३४६५७ | ९३४४१३ | ९८०७७३१२३९ |
| ६६ | ५४३७१२२ | गुदर चौधरी | | चौथिलाल चौधरी | बाँहु चौधरी | धनगढीमाई नगरपालिका-०४ | सरल कृषि कर्जा | १३८३३ | ७५९०११ | ५३३३० | ८१२३४१ | ९७०४२१५४०९ |
| ६७ | ५४६०५१८ | उपेन्द्र यादव | | अधिक लाल यादव | शिवदत्त यादव | नवराजपुर गा.पा.-०५ | सरल कृषि कर्जा | २६ | ७४९५४६ | १८२४१ | ७६७७८७ | ९८०४७९४७१२ |
| ६८ | १८१२८५१ | इन्द्र देव महतो | | जैलाल महतो | रामजी महतो | धनगढीमाई न.पा.-०१ | सरल कृषि कर्जा | १३१४६ | ६९००९८ | ३९२२५ | ७२९३२३ | ९८११७३१३८४ |
| ६९ | ५४१५०१८ | महेश्वर यादव | | धर्मलाल यादव | लक्ष्मी यादव | लहान नगरपालिका-२२ | सरल कृषि कर्जा | १३८२७ | ५५०००० | ७३८८३ | ६२३८८३ | ९८२४७०४३०७ |
| ७० | ७६१४८१ | देव नारायण यादव | | दीपु यादव | सुनार यादव | नहरा रिगौल-३, सिराहा | घरायसी कर्जा | १२०८३ | ५०७००० | १३१४३९ | ६३८४३९ | ९८०७७१४४५८ |
| ७१ | ५२८०३७ | मेटल ट्रेडिङ कन्सर्न | प्रबिश कुमार महतो | राजलाल महतो | शिबु महतो | लहान नगरपालिका-०६ | व्यवसाय कर्जा | ११३६५ | ५००००० | ६४५८५ | ५६४५८५ | ९८६२९९८३९२ |
| ७२ | ११३९३७८ | सेलिया देवी यादव | | रबाती रमण यादव | सोनेलाल यादव | मोइवाही-०७, सिराहा | सरल कृषि कर्जा | १२४२९ | ४९५००० | ८३६९२ | ५७८६९२ | ९८०५९८०८९१ |
| ७३ | १५०३७५० | समुन्द्री पशु फर्म | समुन्द्री देवी सहानी | जोगी सहानी | अशोक कुमार सहानी | लहान-०४ सहानी चोक सिराहा | सरल कृषि कर्जा | १३०३९ | ४९४००० | ३९८९९ | ५३३८९९ | ९८०५९२९०४० |
| ७४ | १०६४४४२ | राजलाल यादव | | गोसाई यादव | मनाई यादव | माउवाही-०१ | घरायसी कर्जा | १२२६६ | ४९०५३७ | ४११५७ | ५३१६९४ | ९८१४७५९२८ |
| ७५ | ५३४४६८ | समर यादव | | धनबीर यादव | असर्फी यादव | झिझौल-०१ हाल धनगढी-०१ | सरल कृषि कर्जा | ७९८२ | ४७५००० | ४६०९३ | ५२१०९३ | ९८१६७२६४६२ |
| ७६ | ५४७२२३५ | नागेन्द्र प्रसाद यादव | | जीवाछ यादव | स्व. श्रीलाल यादव | साखुवा नानकारकट्टी-०२ | सरल कृषि कर्जा | ४० | ४२७५०० | ४३९९७ | ४७१४९७ | ९८१४७५६१४५ |
| ७७ | ३०६०२१७ | नथारी देवी चौधरी | | भर्तु चौधरी | मोति लाल चौधरी | लहान नगरपालिका-१० | सरल कृषि कर्जा | १३४६० | ३७९०५३ | २९३७६ | ४०८४२९ | ९८२९७०४०६८ |

(बाँकी पृष्ठ ७ मा)

# घरजग्गा कारोबारबाट गत वैशाखमा छ अर्ब २६ करोड राजस्व सङ्कलन



काठमाण्डु । घर जग्गासम्बन्धी कारोबार क्रमशः वृद्धि हुँदै पछिल्लो कारोबार र राजस्व सङ्कलनको विवरणले देखाएको छ । गत चैतको तुलनामा गत वैशाखमा राजस्व सङ्कलनमा वृद्धि भएको छ ।

गत चैतमा घर जग्गा कारोबारबाट कूल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार एक सय १७ राजस्व सङ्कलन भएकामा वैशाखमा देशभरका मालपोत कार्यालयले कूल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार आठ सय ७३ बराबरको राजस्व सङ्कलन गरेका छन् ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार, गत वैशाखमा सेवा करबाट रु ३४ करोड ४० लाख ६३ हजार चार सय दुई, रजिष्ट्रेशन दस्तुरबाट रु तीन अर्ब ३१ करोड ९५ लाख ५० हजार एक सय १७, पूँजीगत लाभकरबाट रु दुई अर्ब ५५ करोड २४ लाख ६४ हजार २२ सङ्कलन भएको छ । यस्तै, मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कबाट रु चार करोड ४८ लाख ७८ हजार तीन सय १८ सङ्कलन भएको छ ।

यस्तो शुल्क गत चैतमा सेवाकरमार्फत रु ३६ करोड एक लाख ५५ हजार पाँच सय ७१, रजिष्ट्रेशन दस्तुरबाट रु तीन अर्ब २२ करोड ८४ लाख ६० हजार पाँच सय ६२ सङ्कलन भएको थियो । यस्तै, पुँजीगतलाभकर वापत रु दुई अर्ब ५२ करोड ७४ लाख ७० हजार ७३ सङ्कलन भएको थियो ।

मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कबाट रु चार करोड ६२ लाख ९९ हजार सात सय ८० बराबरको रकम सङ्कलन भएको विभागले जनाएको छ ।

त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार नौ सय ३२ बराबरको राजस्व सङ्कलन भएको थियो । विभागका अनुसार, गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार पाँच सय ३६ बराबरको राजस्व सङ्कलन भएको थियो । रासस

## प्रतिनिधिसभाः

# असार अघि नै मल, बीउ र कृषि औजार उचित व्यवस्थापन गर्न माग

काठमाण्डु । सांसदहरुले वर्षा लागेसँगै धान रोप्ने समय नजिकिँदै गएको उल्लेख गर्दै समयमै मल, बीउ र कृषि औजारको व्यवस्था गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसद अच्युतम लामिछानेले मल, बीउ, कृषि औजार उपलब्ध गराएर समस्या किसानका समाधान गर्न माग गर्नुभयो । सांसद अनुष्का श्रेष्ठले नेपाल पर्यटन बोर्डमा देखिएका समस्या समाधान गर्न माग गर्नुभयो ।

सांसद अप्सना बानुले विदेशमा रोजगारी गर्न गएर ज्यान गुमाएकाको शव ल्याउन असहज हुने गरेको बताउनुहुँदै वैदेशिक रोजगारीमा जानेहरुको जीवनका बारेमा पनि ध्यान दिन माग गर्नुभयो ।

सांसद अभिषेकप्रताप साहले पूर्वगृहमन्त्री सुदन गुरुङको सम्पत्तिका सम्बन्धमा निष्पक्ष छानबिन गर्न माग गर्नुभयो । सांसद अमृता विकले अदालतसँग नबाझिने गरी सरकारले निर्णय लिनुपर्ने सुझाव दिनुभयो । सांसद अम्बिकादेवी सङ्नौलाले अर्बौको इन्धन आयात गर्नुभन्दा स्वदेशकै ऊर्जा उपयोग गर्न माग गर्नुभयो ।

सांसद अर्जुनकुमार कार्कीले किमाथाङ्का नाकाको भर्खर ट्र्याक खोलिएकाले पूरा गर्न स्रोत सुनिश्चित गर्न माग गर्नुभयो । सांसद अर्जुननरसिंह केसीले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो । सांसद अशोककुमार चौधरीले स्थानीय तहले राजनीतिक भागबण्डाका आधारमा विद्यालय व्यवस्थापन समिति गठन गरेकाले त्यसो नगर्न माग गर्नुभयो । सांसद आकृति अवस्थीले डिजिटल बैङ्किङ प्रणालीलाई थप विश्वसनीय र सहज बनाउन माग गर्नुभयो ।



सांसद आर्यन राईले विदेशमा रोजगारी गर्न जानेका लागि सरकारले फ्रि टिकट फ्रि भिसा भने पनि कामदारले लाखौं नतिरी विदेश जान नपाउने गरेकाले यसको छानबिन गरी वास्तविकता सार्वजनिक गर्न माग गर्नुभयो । सांसद आशा झाले मोरङ सुगमको पनि दुर्गम ठाउँ बताउनुहुँदै ५ नं क्षेत्रको विद्युत् र टावरको समस्या समाधान गरिनुपर्नेमा जोड दिनुभयो । सांसद आशीष गजुरेलले गुन्द्रुक जसरी कोचिएर सार्वजनिक यातायातमा कसरी यात्रा गर्ने ? भन्नुहुँदै सार्वजनिक यातायातलाई आरामदायी र भरपर्दो बनाउन माग गर्नुभयो । सिन्धुली जिल्ला अस्पतालमा एक्स रे यन्त्र बिग्रिएकाले माग गरेको लामो समय भइसक्दा पनि प्राप्त नहुँदा बिरामी समस्यामा परेकाले छिटो व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद आशिका तामाङले धादिङमा पर्ने राजमार्गमा धेरै समस्या आउने गरेकाले समाधान खोज्न सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो । विद्युतीय सवारीमा चार्ज सकिएर सवारी अलपत्र हुने गरेकाले पर्याप्त मात्रामा चार्जिङ स्टेसनको व्यवस्था गरिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद इन्दिरा रानामगरले झापा अर्जुनधारा क्षेत्रको ११ बिघा जग्गाको समस्या समाधान गर्न माग गर्नुभयो । सांसद यशोदाकुमारी बरालले वैदेशिक रोजगारीमा गई समस्या परेका नेपालीलाई तत्काल स्वदेश फर्काउन माग गर्नुभयो ।

> सांसद आर्यन राईले विदेशमा रोजगारी गर्न जानेका लागि सरकारले फ्रि टिकट फ्रि भिसा भने पनि कामदारले लाखौं नतिरी विदेश जान नपाउने गरेकाले यसको छानबिन गरी वास्तविकता सार्वजनिक गर्न माग गर्नुभयो ।

सांसद अङ्किता ठाकुरले छिन्नमस्ता भगवती मन्दिरमा पूर्वाधार विकास गरी पर्यटकको वृद्धि गरिनुपर्ने बताउनुभयो । राजबिराज शहरको विकासमा ध्यान दिन पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कबिन्द्र बुर्लाकोटीले गोरखाका धेरै पालिकामा सामान्य हावा चलेका बेलामा पनि झ्याप झ्याप बत्ती जाने गरेकाले पोल र तार फेर्न माग गर्नुभयो । सांसद कालीबहादुर सहकारीले सरकारले प्रतिपक्षका कुरा नसुन्ने, आफुखुसी काम गर्ने गर्दा समस्या आएकाले सरोकार भएकाको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कुसुम महर्जनले बेरुजु बढ्दै जाँदा करको दुरुपयोग भएकाले यसमा संलग्नलाई कारबाही माग गर्नुभएको थियो । सांसद कृपा महर्जनले काठमाडौं उपत्यकाका सम्पदा क्षेत्रमा विदेशबाट आयातित सामानको बिक्री वितरण नहुने गरी नीति ल्याउन माग गर्नुभयो ।

सांसद कृपाराम रानाले व्यक्तिको हत्याका दोषीलाई कारबाही गर्न माग गर्नुभयो । सांसद केपी खनालले सुदूरपश्चिम प्रदेशको सेती लोकमार्ग लामो समयदेखि अलपत्र भएकाले छिटो सम्पन्न गर्न माग गर्नुभयो ।

सांसद कृष्णहरि बुढाथोकीले रामेछापमै अहिलेसम्म पनि टेलिफोनको समस्या भएको, खानेपानी अभाव रहेको, बाँदरको आतङ्क भएको, रासायनिक मललगायतका समस्या समाधान गर्न माग गर्नुभयो ।

सांसद क्रान्तिशिखा धितालले त्रिभुवन विश्वविद्यालयमा भौतिक उपस्थितिले मात्र ज्ञान मापन हुन्छ भन्ने भ्रम पालिएको बताउनुहुँदै कक्षामा बसेर पनि सिकेको छैन भने कसरी मापन हुन्छ भन्दै गुणस्तरीय शिक्षालाई केन्द्रमा राख्न माग गर्नुभयो । रासस

# विजयपुर खोला किनारमा तरबुजाखेती, भनेजस्तै आम्दानी

गण्डकी । पोखरा महानगरपालिका-१३ बगरकोट कसेरीस्थित विजयपुर खोलाको किनारमा गत फागुनमा रोपिएका तरबुजाका लहरामा अहिले फल लागेको छ । लामो समयदेखि बाँझो रहेको यहाँको २५ रोपनी बलौटे जमिनमा पोखरा-२२ पुम्दीभुम्दीका ३२ वर्षीय सुन्दर बरालले व्यावसायिक तरबुजाखेती सुरु गर्नुभएको थियो ।

उहाँले फागुनमा सरस्वती जातका तीन हजार ५०० बिरुवा लगाउनुभएको थियो । अहिले औसतमा दैनिक २०० केजी तरबुजा बिक्री गरिरहनुभएको छ । उहाँका अनुसार प्रतिकेजी रु ६० का दरले दैनिक रु १२ हजारको कारोबार भइरहेको छ । बरालका अनुसार यस वर्ष रु १५ लाख बराबरको कारोबार गर्ने लक्ष्य छ । “तरबुजाको बजारका लागि चिन्ता लिनुपर्दैन, व्यवसायीहरु बारीमै लिन आइपुग्नुहुन्छ”, उहाँले भन्नुभयो ।



उहाँका अनुसार पहिलो वर्ष परीक्षणका रुपमा दुई रोपनीमा लगाएको राम्रो उत्पादन भएपछि खेती विस्तार गरिएको हो । वर्षमा एक बाली धानखेती मात्र हुने र बाँकी समयमा बाँझै रहने खेतमा छोटो समयमा राम्रो आम्दानी लिन सकिने नगदे बाली तरबुजाखेती गरेको उहाँले बताउनुभयो ।

किसान भरतबहादुर पराजुलीले पनि सोही स्थानमा ११ रोपनी जग्गामा तरबुजाखेती गर्नुभएको छ । उहाँका अनुसार फागुन अन्तिम साता सारेका बेर्नाले अहिले उत्पादन दिन थालेका छन् । उहाँले भन्नुभयो, “यस वर्ष रु तीन लाखभन्दा बढी आम्दानी हुने विश्वास छ । बारीमा काक्रो, सिमीलगायतका तरकारी पनि उत्पादन भइरहेको छ ।”

उहाँका अनुसार पोखरा महानगरपालिका कृषि महाशाखाले बीउ र ‘मल्चिङ’ प्लाष्टिक ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । बिरुवा फष्टाउँदै गर्दा चैत १७ गते र फूल खेल्दै गर्दा गत वैशाख १० गते परेको असिनासहितको पानीले केही क्षति गरेको उल्लेख गर्दै किसान पराजुलीले भन्नुभयो, “अहिले बाँदरले खाने र मानिसले चोरी गरेर लैजाने समस्या पनि थपिएको छ ।”

तरबुजाखेतीका लागि बलौटे माटो र बढी तापक्रमको आवश्यकता पर्ने उहाँको भनाइ छ । पोखरा महानगरपालिका-१३ का अध्यक्ष किरण बरालका अनुसार दुई वर्षअघि माटो परीक्षण गरी सुरु गरिएको तरबुजाखेतीमा यतिबेला युवा पनि आकर्षित भएका छन् ।

यस क्षेत्रमा अघिल्लो वर्ष रु एक करोड ५० लाखको तरबुजा उत्पादन भएको थियो भने यस वर्ष भने असिना र पानीको कारण क्षति पुगेकाले केही कमी आउने उहाँको भनाइ छ । यस क्षेत्रमा २५ जना किसान व्यावसायिकरुपमा तरबुजाखेतीमा सक्रिय हुनुहुन्छ ।

पोखरा महानगर, कृषि महाशाखा प्रमुख मनोहर कडरियाका अनुसार महाशाखाले कृषकलाई कृषिप्रति प्रेरित गर्नका लागि विभिन्न सहुलियत प्रदान गर्दै आएको छ । तरबुजाखेतीका लागि पनि बीउ, मल्चिङ प्लाष्टिक, असिना छेक्ने जाली र प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदान प्रदान गर्दै आएको छ ।

**दोस्रो तरबुजा मेला**

तरबुजा र खरबुजाखेती गर्ने किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले यही जेठ ५ गते पोखरा महानगरपालिका-१३ को वडा कार्यालय परिसरमा तरबुजा मेला आयोजना गर्न लागिएको छ ।रासस

# ‘पहिले खानेपानी हुँदैनथ्यो, अहिले तरकारीखेती विस्तार’

देउखुरी । घोराही उपमहानगरपालिका-१७ कर्जाहीमा छ वर्ष अघिसम्म जलाशय नहुँदा सुक्खापन बढेको थियो । हिउँदमा जहिले पनि इनार, कुँवालगायत पानीका मुहान सुक्ने गर्दछन् । यस क्षेत्रमा सुक्खायाममा खानेपानीको समस्या हुने गरेको स्थानीय ७८ वर्षीय कालीचरण चौधरीले बताउनुभयो ।

उहाँका अनुसार गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्र संरक्षणका लागि प्रदेश र स्थानीय सरकारको रु एक करोडको लागत र स्थानीयको पहलमा विसं २०७७ मा जलाशय बनेको हो । दुई बिघामा क्षेत्रफलमा फैलिएको यो जलाशयको गहिराइ छ मिटर छ । यो जलाशयमार्फत सिँचाइ सुविधा पुग्न थालेपछि ‘ पहिले खानेपानी हुँदैनथ्यो, अहिले तरकारीखेती विस्तार’ ले गति लिएको स्थानीय बताउँछन् ।

यो जलाशय निर्माण भएपछि १०० बिघा जमिनमा सिँचाइ पुगेको चौधरीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “पहिले मानिस र गाईवस्तुलाई पेटभरि पानी खुवाउन नसक्ने गाउँले अहिले सहरका मानिसलाई पेटभरि तरकारी खुवाउन सक्ने भएका छौँ । १५० घरका सबैले खेती गरेका छौँ ।” आफ्नो जमिनले नपुगेकाले छेउछाउको जमिन भाडामा ल्याएर बाह्रै महिना तरकारीखेती गरेर आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो ।



घोराही-१७ कर्जाहीका पूर्ण चौधरी ५२ वर्षको हुनुभयो । उहाँले स्नातकसम्म अध्ययन गरे पनि अहिले व्यावसायिक कृषि पेसा गर्दै आउनुभएको हो । आफ्नो एक बिघा र भाडामा लिएको छ कठ्ठा जमिन व्यावसायिक रूपमा तरकारीखेती गर्दै आउनुभएको छ । चौधरीले व्यावसायिक तरकारीखेती गर्न थालेको पाँच वर्ष भएको जानकारी दिनुभयो ।

पछिल्लो समय एकयाममा तरकारी बिक्री गरेर रु ९० हजारदेखि रु एक लाखसम्म आम्दानी भइरहेको उहाँले बताउनुभयो । “पाँच वर्ष अघिसम्म गाउँमा व्यावसायिक खेती हुँदैनथ्यो । कर्जाहीको जलासय विस्तार भएपछि मात्रै पानीको पहुँच पुग्यो र खेती सुरु भयो”, उहाँले भन्नुभयो ।

सोही ठाउँकी ७२ वर्षीया सुशीला चौधरी धनिया उखेल्दै गरेको अवस्थामा भटिनुभयो । उहाँका खेतमा धनिया, लौका, करेला, काक्रा र भिन्डी फलेका छन् । बिहान र बेलुकाको समय उहाँ तरकारी बारीमा भेटिनुहुन्छ । करिब १८ कठ्ठा जमिनमा खेती गरेको तरकारीले वार्षिक रु दुई लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो । पानीको सुविधा भएपछि गाउँका सबैले व्यावसायिक खेती गर्न थालेका बताउँदै सुशीलाले यसबाट स्वरोजगार बन्नुका साथै बाँझो जमिन हराभरा हुन थालेका उल्लेख गर्नुभयो । “तरकारीखेती गरेपछि घरमा खान भएको छ, बिक्री गरेर आम्दानी भएको छ । पानीले नयाँ जीवन दिए जस्तो भएको छ”, उहाँले भन्नुभयो ।

ताल संरक्षणसँगै अप्रत्यक्ष रूपमा वातावरण संरक्षण र प्रत्यक्ष रूपमा आम्दानीमार्फत जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको सुशीलाले बताउनुभयो । स्थानीयलाई माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने कामको अभियान घोराही उपमहानगरपालिकाले गरिरहेको छ ।

कर्जाही गाउँबाट दैनिक रु ५० हजार बराबरको तरकारी बिक्री हुने गरेको कर्जाही ड्याम लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष प्रशु चौधरीले जानकारी दिनुभयो ।रासस

# नेपाल हस्तकला मेला तथा सांस्कृतिक प्रदर्शनी हुँदै

काठमाण्डु । काठमाण्डुको बालुवाटारमा यही जेठ ८ गतेदेखि नेपाल हस्तकला मेला तथा सांस्कृतिक प्रदर्शनी आयोजना हुने भएको छ । नेपाल हस्तकला महासङ्घले विभिन्न प्रदेश तथा जिल्लास्तरमा उत्पादित हस्तकला वस्तुको प्रदर्शनी एवं प्रचारप्रसार गरी स्थानीय हस्तकला उद्यमीलाई बजार पहुँचमा सहयोग पुऱ्याउनाका साथै हस्तकला उत्पादनको व्यावसायिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले यही जेठ ८ देखि १० गतेसम्म उक्त प्रदर्शनी गर्न लागेको हो ।

हस्तकला क्षेत्रले लाखौंको संख्यामा स्वरोजगारको अवसर सिर्जना गरिरहेको छ । भारत चीनलगायत तेस्रो विश्वका देशहरुमा वार्षिक २८ अर्ब बराबरका विभिन्न हस्तकलाका वस्तु निर्यात भइरहेका छन् । हस्तकलालाई कृषिजन्य उद्योगपछि देशभरि विस्तार गर्न सकिने ठूलो सम्भावना रहेको जानकारहरू बताउँछन् । यसले देशको कला, संस्कृति र सम्पदाको प्रतिनिधित्व गरिरहेको छ ।

मेलाको आकर्षणका रूपमा हस्तकला प्रदर्शनी तथा विक्री कार्यक्रम, विविध सांस्कृतिक कार्यक्रम तथा प्रदर्शन, स्थानीय उद्योगी, कलाकार/कालिगढको सीप प्रदर्शन, स्थानीय उत्पादन तथा परम्परागत परिकारको स्वाद रहेको महासङ्घले आज पत्रकार सम्मेलनमार्फत महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले जानकारी दिनुभयो ।

मेलामा काठमाण्डु उपत्यकाभित्रका जिल्लालगायत सङ्खुवासभा, मकवानपुर, दाङ, बाजुरा, ताप्लेजुङ, चितवन, बर्दिया काभ्रेपलान्चोक, कास्की, झापा, धनुषा, सुनसरी, धादिङ, तनहुँ, पाल्पा बागलुङ आदि जिल्लाबाट त्यहाँका स्थानीय जिल्ला सङ्घहरूको सभागिता रहने महासङ्घका अध्यक्ष शाक्यले जानकारी दिनुभयो ।




यस कार्यक्रमबाट स्थानीय हस्तकला उत्पादनको बजार विस्तार हुने, उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित हुने, स्थानीय उद्योगी, कलाकार/कालिगढहरुको सीप, क्षमता तथा मनोबल अभिवृद्धि हुने, मूर्त र अमूर्त कलासंस्कृति एवं परम्परागत परिकारको संरक्षणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।रासस



| क्र. सं. | ग्राहक आईडी | ग्राहक नाम | प्रोपाइटरको नाम | बाबुको नाम | हजुरबुबा/ श्रीमानको नाम | ठेगाना | कर्जाको शीर्षक | मिसिल नं. | कुल कर्जा | कुल ब्याज | २०८३/१/३१ सम्म जम्मा तिर्नुपर्ने जम्मा रकम | फोन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७८ | ५२८८७१ | श्री लाल चौधरी | | गोलाई चौधरी | गोपाली चौधरी | लहान-१५, दोधाना | सरल कृषि कर्जा | ११५११ | ३३७२५० | २९०४६ | ३६६२९६ | ९८५२८३३००४ |
| ७९ | ५३२८०८ | बासुदेव यादव | | सोनाई यादव | तिलक यादव | साखुवा नानकारकट्टी-०१ | घरायसी कर्जा | १२४३७ | ३०४००० | ७५६५९ | ३७९६५९ | ९८२६७४३९८० |
| ८० | ५३८०८८ | श्रीदेव यादव बाउवेलाल | | बोबाईलाल यादव | बाएजी यादव | नवराजपुर गाउँपालिका-०१ | सरल कृषि कर्जा | १११२६ | २६०००० | ३७५२६ | २९७५२६ | ९८२५७८३६११४ |
| ८१ | १०६६०१३ | राम बाबू शाह | | लक्ष्मी शाह तेली | गंगाई शाहु | भगवतीपुर ०७ | सरल कृषि कर्जा | १२२७९ | २००००० | २२९९५ | २२२९९५ | ९८०५९०२१६५ |
| ८२ | ५२८३९५ | विश्वनाथ तती | | मात्रा दास | थकाई दास | भगवानपुर गाउँपालिका-०३ | सरल कृषि कर्जा | १०२६१ | १९४७५० | १९०८९ | २१३८३९ | ९८२५७१५७७३ |
| ८३ | ७६०९६८ | राज कुमार यादव | | अरिफा यादव | रूपलाल यादव | नहरा रिगौल-३, सिराहा | ओभरड्राफ्टः व्यक्तिगत कर्जा | १२०८१ | १८८४७८ | १३०२६ | २०१५०४ | ९८१८३३८५०७ |
| ८४ | १०७८२५१ | सेवान यादव | | राम सागर यादव | अबधी यादव | नवराजपुर गाउँपालिका-०५ | सरल कृषि कर्जा | १२३०७ | १४०००० | १८०९५ | १५८०९५ | ९८११७८४५९१ |
| ८५ | ५२८७२४ | सुनिता राउत | | भक्त बहादुर बस्नेत | टेक बहादुर बस्नेत | लहान नगरपालिका-१० | सरल कृषि कर्जा | १११८५ | ८७४०२ | १०९१२ | ९८३१४ | ९८०५९२९६८५ |
| | | | | | | | | जम्मा | ११४५१९९७९ | १५३०३५४४ | १२९८२३५२३ | |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# ‘चुरे भावर क्षेत्रको अनियन्त्रित दोहनले मधेशमा संकट’



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले मधेशमा भइरहेको चुरे दोहन र बजेट कार्यान्वयनमाथि प्रश्न गरेका छन् ।

संरक्षक ठाकुरले तराई-मधेशमा भइरहेको चुरे दोहन र बजेट कार्यान्वयनको प्रभावकारिताबारे गम्भीर प्रश्न उठाएका छन् ।

राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा सोमबार संरक्षक ठाकुरले विकासका कुरा भए पनि व्यवहारमा भने प्रतिकूल अवस्था सिर्जना भइरहेको बताए । उनले चुरे र भावर क्षेत्रको अनियन्त्रित दोहनका कारण मधेशमा ठूलो संकट उत्पन्न भएको बताए ।

प्राकृतिक स्रोतको अत्यधिक दोहनले वर्षायाममा उत्तरतर्फ कटान र दक्षिणतर्फ डुबानको भयावह समस्या निम्त्याएको उनको भनाइ थियो ।

महिनौंसम्म बस्तीहरू डुबानमा पर्दा पनि राज्यका निकायहरूबाट उचित ध्यान नपुगेको भन्दै उनले असन्तुष्टि जनाए ।

सो क्रममा उनले वातावरणीय चेतनाको अभाव र भौतिक विनाशका कारण विगतमा स्थापित विद्यालयहरू समेत बन्द हुने अवस्थामा पुगेको बताए ।

बजेट विनियोजन र त्यसको खर्च हुने प्रक्रिया पारदर्शी नभएको भन्दै संरक्षक ठाकुरले आलोचना गरे ।

राष्ट्रियसभा सदस्यसमेत रहेका संरक्षक ठाकुले भने, ‘हामी चुरे विनाशको कुरा गरिरहेका छौँ, तर त्यहाँबाट ढुङ्गा, माटो र बालुवा निकाल्ने क्रम रोकिएको छैन । भावर क्षेत्रको स्थिति पनि उस्तै छ । बजेट जान्छ तर त्यसको प्रतिफल देखिँदैन । आधा बजेट कता हराउँछ, पत्तो हुँदैन । जसरी हामी पृथ्वी घुमिरहेको देख्दैनौँ, त्यसैगरी बजेट पनि शून्यमा हराइरहेको छ ।’

विगतका वर्षहरूमा बजेट विनियोजन भए पनि त्यसले लक्षित वर्ग र क्षेत्रलाई छुन नसकेको उल्लेख गर्दै उनले यसपटकको बजेट बालुवामा पानी हाले जस्तै शून्यमा नजाओस् भन्दै कामनासमेत गरे । संरक्षक ठाकुरले विकास निर्माणका योजनाहरू कागजमा मात्र सीमित नभइ जनताले महसुस गर्नेगरी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

समितिको बैठकमा उनले सरकारलाई मधेशको संवेदनशीलता बुझ्न र विकासका योजनाहरूलाई परिणाममुखी बनाउन आग्रह गरे ।

# प्रदेशस्तरीय खेलकुद प्रतियोगिता शुरु

**प्रतियोगितामा महिला र पुरुष खेलाडी, प्रशिक्षक तथा रेफ्री गरी कुल दुई हजार चार सयभन्दा बढीको सहभागिता रहने बताइएको छ । परिषद्का अनुसार प्रतियोगिता सञ्चालनका लागि करिब दुई करोड ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा खेल प्रतिभा पहिचान र राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्यसहित प्रदेशस्तरीय खेलकुद प्रतियोगिता औपचारिक रूपमा सुरु भएको छ । मधेश खेलकुद परिषद्को आयोजनामा सञ्चालन भएको प्रतियोगितामा प्रदेशका विभिन्न जिल्लाबाट हजारौं खेलाडी सहभागी भएका छन् ।

सोमबार जनकपुरधामस्थित परिषद्को कभर्ड हलमा आयोजित उद्घाटन कार्यक्रममा परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानुले प्रतियोगिताको शुभारम्भ गरेका हुन् । उद्घाटनसँगै महिला भलिबल तथा महिला-पुरुष फुल कन्ट्याक्टका खेलहरू सुरु गरिएको परिषद्ले जनाएको छ ।




प्रतियोगितामा महिला र पुरुष खेलाडी, प्रशिक्षक तथा रेफ्री गरी कुल दुई हजार चार सयभन्दा बढीको सहभागिता रहने बताइएको छ । परिषद्का अनुसार प्रतियोगिता सञ्चालनका लागि करिब दुई करोड ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

उद्घाटनपछिको पत्रकार सम्मेलनमा सदस्य सचिव कानुले प्रदेशभर सञ्चालन भइरहेका खेल गतिविधिबाट उत्कृष्ट खेलाडी छनोट गरी राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार पार्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जानकारी दिए। उनले विशेषगरी महिला खेलाडीको क्षमता विकास र सहभागिता विस्तारलाई प्राथमिकतामा राखिएको उल्लेख गरे ।

महिलातर्फ भलिबल, कराँते, टेबलटेनिस, फुटबल, तेक्वान्दो, जुडो, भारोत्तोलन, उसु, हक्की, हाफ म्याराथनलगायतका खेल समावेश गरिएको छ। पुरुषतर्फ पनि कराँते, तेक्वान्दो, जुडो, हक्की, टेबलटेनिस, उसु, भारोत्तोलन र हाफ म्याराथनसहित विभिन्न प्रतिस्पर्धा हुनेछन्। त्यसबाहेक पुरुषतर्फ रग्बी, चेस, ब्याडमिन्टन, बास्केटबल, खो-खो, ह्याण्डबल, डोरीतान तथा शारीरिक सुगठन प्रतियोगिता समेत आयोजना गरिने परिषद्ले जनाएको छ ।

२५ दिनसम्म सञ्चालन हुने प्रतियोगिताका खेलहरू जनकपुरधामसँगै महोत्तरी, रौतहट, बारा, पर्सा, सर्लाही, सप्तरी, सिरहा र धनुषाका विभिन्न स्थानमा आयोजना गरिने कार्यक्रम रहेको छ ।

टेबल टेनिस महिला/पुरुष महोत्तरीको जलेश्वरमा, ह्यान्डबल पुरुष महोत्तरीकै कान्ति बजारमा, फुटबल चन्द्रपुरमा, तेक्वान्दो महिला/पुरुष निजगढमा भइरहेको छ । खो-खो र वास्केटबल पुरुषको कलैयामा, शारिरिक सुगठन पुरुष, जुडो महिला/पुरुष वीरगन्जमा, ब्याडमिन्टन पुरुष मलगंवामा र आटीएफ महिला/पुरुष लालबन्दीमा भइरहेको छ ।

यस्तै, भारोत्तोलन महिला/पुरुष राजविराजमा, उसु र डोरीतान सप्तरीमा हुने आयोजकले जनाएको छ । बुद्धिचाल पुरुष सिरहाको गोलबजारमा, रग्बी सिरहामा र हक्की महिला/पुरुष धनुषाको महेन्द्रनगरमा हुन लागेको छ ।

खेलकुद परिषदका सदस्य तथा फुलकन्ट्याक्ट खेलका संयोजक असगर खाँ र भलिवल खेलका संयोजक सुनिल यादवको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा विशिष्ट अतिथिको रुपमा पूर्व कानुन मन्त्री तथा भलिवल संघका प्रदेश अध्यक्ष ज्ञानेन्द्र कुमार यादव सहित मधेश खेलकुद परिषदका प्रशासन प्रमुख महम्म ज्याउल इस्लाम, परिषदका सदस्य लभ कुमार अधिकारी र दिपेन्द्र कुमार गोईत लगायत आठ जिल्लाबाट प्रतिनिधित्व गरेका खेलकुदका पदाधिकारी, रेफ्री तथा कोचको उपस्थिति रहेको थियो ।

# उपमेयर सम्पर्कविहीन



**टुडे समाचारदाता**

जनकपुरधाम । मेयरमाथिअभद्रव्यवहार गरेकी कमला नगरपालिकाका उपमेयर शिलादेवी मण्डल विगत एक सातादेखिसम्पर्कविहिन रहेको बताइएको छ ।

केही दिन अगाडी बैठकको क्रममा मेयर विशेश्वर यादवमाथि वादविवादको क्रममा चप्पल प्रहार गरेकी उपमेयर मण्डल एक सातादेखि सम्पर्कविहिन भएकी हुन् । उनलाई प्रहरीले खोजिरहेको जनाइएपनि यो प्रहरीको फर्मालिटि मात्रै भएको आरोप मेयर यादवले लगाएका छ्न । मेयर यादवले भने प्रहरीले चाहे एक दिनमै खोजेर ल्याउन सक्छ, तर प्रहरीले चासो नलिएको हो ।

मेयर यादवमाथि घटनापछि अभद्र व्यवहारको मुद्दा दर्ता गराइएको थिया । मुद्दा दर्ता गरेपछि उनी सोही दिनदेखि फरार रहेको प्रहरीले जनाएको छ। उपमेयरले चलाउने अफिसियल नम्बरमा विगत एक सातादेखि स्वीच अफ आएपछि उनी सम्पर्कविहिन भएको बुझिएको दाबी गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ (संशोधन सहित) अन्तर्गत कार्यपालिकाले आफ्ना सदस्यमध्येबाट कार्यवाहक जिम्मेवारी तोक्न सक्ने व्यवस्था छ, तर उपमेयरको पद स्वतः अर्को सदस्यलाई सर्ने स्वतन्त्र प्रावधान छैन । उपमेयर अधिक दिनसम्म सम्पर्कमा नआए कार्यपालिका बैठकबाट अर्का कार्यवाहक तोक्न सक्ने व्यवस्था ऐनमा उल्लेखछ ।

# कक्षा ११ को छात्रवृति आवेदन खुल्ला

**टुडे समाचारदाता**

जनकपुरधाम । कक्षा ११ मा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि निःशुल्क छात्रवृत्ति आवेदन जनकपुरधाम उपमहानगरपालिकाले खुला गरेको छ ।

शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सूचना जारी गर्दै संस्थागत विद्यालयमार्फत छात्रवृत्ति वितरण प्रक्रिया अघि बढाइएको जनाएको हो । उपमहानगरपालिकाका अनुसार संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि-२०८१ अनुसार विद्यालय स्तरीय छात्रवृत्ति वितरण समितिले नै छनोट परीक्षा सञ्चालन गर्नेछ ।

छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले आफू अध्ययन गर्न चाहेको विद्यालयमै पुगेर आवेदन फाराम भर्न सक्ने व्यवस्था गरिएको छ । आवेदन फाराम भर्ने अवधि जेठ ४ गतेदेखि जेठ २० गतेसम्म तोकिएको छ ।

छात्रवृत्तिका लागि प्रवेश परीक्षा जेठ २२ गते बिहान ८ बजेदेखि सम्बन्धित विद्यालयमै सञ्चालन हुनेछ भने नतिजा जेठ २५ गते प्रकाशन गरिने जनाइएको छ । उपमहानगरपालिकाले विद्यार्थी, अभिभावक तथा सर्वसाधारणलाई समयमै आवेदन प्रक्रिया पूरा गर्न आग्रह गरेको छ ।

साथै, प्रवेश परीक्षाको पाठ्यक्रम सम्बन्धित विद्यालयबाट उपलब्ध गराइने पनि सूचनामा उल्लेख गरिएको छ । यस सम्बन्धमा थप जानकारीका लागि हिसानका अध्यक्ष संजीव ठाकुरलाई सम्पर्क गर्न सूचनामा भनिएको छ ।

# लागू औषधसहित चार पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विभिन्न स्थानबाट लागू औषधसहित चार जनालाई पक्राउ गरेको छ । प्रहरीले जनाए अनुसार जिल्लाको धनुषाधाम नगरपालिका-८ भिमान चोकस्थित समिक्षा हेल्थ केयर प्रा.लि.बाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध बरामद गर्दै एक जनालाई पक्राउ गरिएको हो ।



इलाका प्रहरी कार्यालय ढल्केबर र लागुऔषध ब्युरो शाखा कार्यालय बर्दिवासको संयुक्त टोलीले औषधि पसल तथा घरकोठामा खानतलासी गर्दा विभिन्न प्रकारका प्रतिबन्धित लागूऔषधहरु बरामद गरेको जनाइएको छ ।

धनुषा प्रहरीका अनुसार गणेशमान चारनाथ नगरपालिका-१ निवासी ३४ वर्षीय सन्तोष कुमार विश्वकर्मालाई नियन्त्रणमा लिइएको जनाएको छ । खानतलासीका क्रममा टैपेनटडोल ५० एमजीको १ हजार ७ सय पिस, १०० एमजीको १ हजार २०० पिस, स्पासरेस्ट १ हजार ५९० पिस, ट्रमाडोल ५० एमजी एक सय पीस,एन्टिको ५ सय पीस, स्पास्पिन ५ सय पीस लगायतका लागू औषध बरामद गरिएको छ ।

यस्तै जिल्लाको मिथिला नगरपालिका-१०, लालगढस्थित सुनौलो बस्तीबाट प्रहरीले लागुऔषधसहित तीन जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय ढल्केबर र लागुऔषध ब्युरो बर्दिवास महोत्तरीको संयुक्त टोलीले पक्राउ गरेको हो ।

महोत्तरीको बर्दिवास नगरपालिका-७ घर भई हाल मिथिला नगरपालिका-१०, लालगढमा बस्दै आएका ३० वर्षीय विजय लिम्बु, महोत्तरीको बर्दिवास नगरपालिका-१ निवासी २८ वर्षीय सुमन बुढाथोकी र सोही स्थानमा बस्दै आएका अन्दाजी २७ वर्षीय सागर भनिने मनकुमार लिम्बुलाई लागुऔषधसहित पक्राउ प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबर प्रहरी निरीक्षक लक्ष्मण केसीले सुनौलो बस्तीमा विजय लिम्बुले भाडा गरी बस्दै आएको घरमा रितपूर्वक खानतलासी गर्दा ओछ्यान मुनिबाट लागुऔषध बरामद भएको बताएका छन् । लिम्बुले घरबाट लागुऔषध बिक्री वितरण गर्ने गरेको सूचनाको आधारमा खानतलासी गरिएको उनले जानकारी दिएका छन् ।

प्रहरी निरीक्षक केसीले ओछ्यान मुनि र पक्राउ परेकाहरुको साथबाट गरी टेन्टाडोल १०० एमजीका कुल ९२ र स्पासरेस्टका ८३ वटा गरी जम्मा १७५ वटा पता ट्याब्लेट बरामद भएको बताए ।

उनले प्रहरीले विभिन्न दरका नगद १५ हजार ५२० रुपियाँ र लागुऔषध सेवनपछि प्रयोग गरिएका खोलसमेत बरामद गरिएको जानकारी दिएका छन् । पक्राउ परेकामाथि लागुऔषधसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको उनले बताए ।

# ढक तराजु चेकजाँच क्याम्प

**टुडे समाचारदाता**

लहान । सिरहाको मिर्चैयामा उपभोक्तालाई सही तौल तथा मापन सेवा सुनिश्चित गर्ने उद्देश्यले दुईदिने ढक-तराजु चेकजाँच क्याम्प सञ्चालन गरिएको छ ।

उद्योग वाणिज्य संघ मिर्चैयाको आयोजनामा मिर्चैया नगरपालिका-५ स्थित संघको कार्यालयमा क्याम्प सञ्चालन गरिएको हो । क्याम्पमा विराटनगरबाट आएको पाँच सदस्यीय प्राविधिक टोलीले स्थानीय व्यवसायीहरूले प्रयोग गर्दै आएका ढक, तराजु तथा नापतौलसम्बन्धी उपकरणहरूको परीक्षण, प्राविधिक जाँच तथा नवीकरण गरिरहेको आयोजकले जनाएको छ । टोलीको नेतृत्व निरीक्षक मनीषा राईले गरेका छन् ।




निरीक्षक राईले बजारमा सही नापतौल प्रणाली कायम गर्नु उपभोक्ता अधिकार संरक्षणको महत्वपूर्ण आधार भएको बताउँदै नियमित परीक्षण तथा अनुगमनले व्यवसायप्रति उपभोक्ताको विश्वास अझ मजबुत हुने बताए ।

कार्यक्रमबारे जानकारी दिँदै भरत महासेठले व्यवसायलाई पारदर्शी, विश्वसनीय र व्यवस्थित बनाउन यस्ता प्राविधिक क्याम्प आवश्यक रहेको उल्लेख गरे । उनले व्यवसायीहरूलाई कानुनी मापदण्डअनुसारका नापतौल उपकरण प्रयोग गर्न आग्रहसमेत गरे ।

संघका अनुसार जेठ ४ र ५ गतेसम्म सञ्चालन हुने क्याम्पमा स्थानीय व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको छ । आयोजकका अनुसार बजारमा उपभोक्ता हित संरक्षण तथा सही नापतौल प्रणालीको प्रवर्द्धनका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

# साडी वितरणमा अनियमितता

**टुडे समाचारदाता**

वीरगञ्ज । एकल महिलाका लागि वितरण गरिएको साडीमा पर्साको पोखरिया नगरपालिका वडा नम्बर १ मा ठुलो अनियमितता भएको देखिएको छ ।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन अनुसार वडा अध्यक्ष प्रमोद गिरीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली विपरीत आवश्यकभन्दा अत्यधिक साडी खरिद तथा वितरण गरेको उल्लेख छ ।




प्रतिवेदनमा पोखरिया-१ मा अभिलेख अनुसार जम्मा ८ जना मात्रै एकल महिला रहेकोमा २०८० पुस १६ गतेको भौचरमार्फत प्रति थान ७ सय ११ रुपैयाँका दरले १ सय ४० थान साडी खरिद गरी वितरण गरिएको भनिएको छ ।

साडी वितरण गर्न क्रममा वास्तविक लाभग्राही सङ्ख्याभन्दा १ सय ३२ थान बढी वितरण गरिएको पाइएको छ । वडा अध्यक्ष गिरीले ९३ हजार ९ सय ७० रुपैयाँ बराबरको अनियमितता गरेको महालेखा परीक्षकको कार्यालयले औंल्याएको छ ।

प्रतिवेदन अनुसार स्वीकृत वार्षिक कार्यक्रम, लक्षित समूह तथा स्पष्ट मापदण्डका आधारमा मात्रै सामग्री वितरण गर्नुपर्ने कानुनी व्यवस्था रहेको भए पनि त्यसको पालना नगरी मनपरी ढङ्गले साडी वितरण गरिएको पाइएको छ । लाभग्राहीको स्पष्ट पहिचान, पारदर्शी प्रक्रिया तथा अभिलेख व्यवस्थापनबिनै सामग्री वितरण गरिएको भन्दै प्रतिवेदनले यसलाई आर्थिक अनुशासन विपरीतको कार्य रहेको ठहर गरिएको छ ।

पोखरिया नगरपालिकाका मेयर प्रद्युम्न चौहानकै वडामा भएको उक्त घटनाले स्थानीय तहमा हुने वितरणमुखी कार्यक्रमको पारदर्शिता र जबाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ । महालेखा परीक्षकको कार्यालयले लाभग्राही सङ्ख्या भन्दा बढी खरिद तथा वितरण गरिएको ९३ हजार ९ सय ७० रुपैयाँ वडा अध्यक्ष प्रमोद गिरीबाट असुलउपर गरी राज्य कोषमा दाखिला गर्न निर्देशन दिएको छ ।

व्यवसायिक खेतिमा विषादीको कम प्रयोग
विषादी धेरै, रोग धेरै,
तसर्थ सचेत बनौं ।
सजग बनौं, खेती सुधारौं,
सुरक्षित खाना उत्पादन
गरौं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

# सडक आश्रितको उद्धार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशबाट ३५ जना सडकआश्रित मानवको मानव सेवा आश्रमको टोलीले उद्धार गरेको छ ।

मानव सेवा आश्रम र आनी छोइङ ड्रोल्मा फाउन्डेसनको सहकार्यमा सञ्चालित ‘मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा २०८३’ का टोलीले आइतबार साँझसम्म मधेशका विभिन्न स्थानबाट ३५ जना सडकआश्रित मानवको उद्धार गरिएको जनाइएको छ ।

मानव सवा आश्रमका केन्द्रीय महासचिव सुशिला केसीले उद्धार गरिएकामध्ये २८ जना पुरुष र सात जना महिला रहेको जानकारी दिएका छन् । वर्षायाममा कसैले पनि सडकपेटीमा कष्टकर जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको उनले बताईन । उनका अनुसार कोशी प्रदेशबाट ४८ जना सडकआश्रित मानवको उद्धार गरिएको छ, जसमध्ये ३६ जना पुरुष र १२ जना महिला रहेका छन् ।



महासचिव केसीले सडक मानवमुक्त देश बनाउने सरकारको अभियानलाई सफल बनाउन आश्रमका अभियान्ता देशव्यापी उद्धार यात्रामा खटिएको बताए । उनले सडकपेटी, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा कष्टकर जीवन बिताइरहेका व्यक्तिलाई उद्धार गरी आश्रममा संरक्षण, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्दै आएको जानकारी दिएका छ्न ।

वैशाख २७ गते काठमाडौंबाट सुरु गरिएको यो अभियान जेठ २२ गतेसम्म रहनेछ । मेची पुलमा दीप प्रज्ज्वलन गरी औपचारिक रूपमा सुरु गरिएको यात्रामा २४ जना सहभागी छन् । महासचिव केसीले सडकआश्रित मानव देखिएमा उद्धार कार्यमा सहजीकरणका लागि नजिकको प्रहरी कार्यालय वा आश्रमलाई जानकारी गराइ दिन आग्रह गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८